**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६
**ऋणी सदस्य अभिमुखीकरण कार्यक्रम**
यस संस्थाको ऋण उपसमितिको आयोजनामा हालै जारी सहकारी अध्यादेशबाट ऋण सेवामा पर्ने प्रभावसम्बन्धी ऋणी सदस्यहरूलाई जानकारी दिने उद्देश्यले तपसिलको मिति, समय र स्थानमा ऋणी सदस्य अभिमुखीकरण कार्यक्रम हुने भएकोले सम्पूर्णमा उपस्थितिका लागि अनुरोध गर्दछ ।
**कार्यक्रम**
**मिति :** २०८३ जेठ १५ गते, शुक्रबार
**समय :** बिहान ७:०० बजे
**स्थान :** भक्तपुर साकोस सभाहल
***आयोजक : ऋण उपसमिति***

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१
# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

**चौतारी बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक न.पा-५, घलाटे, भक्तपुर, फोन नं. ०१-५०९२०१६
**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**
यस संस्थाको लागि कर्मचारी आवश्यक भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले ७ (सात) दिनभित्र कार्यालय समयमा हस्तलिखित निवेदनसहित आवेदन दिनुहुन अनुरोध छ ।
**पद :** कार्यालय सहायक
**पद सङ्ख्या :** १ (एक) जना
**योग्यता :** SEE तह उत्तीर्ण
(कम्प्युटरसम्बन्धी ज्ञान भएको)
**आवेदन दस्तुर :** रू.२००।-
**सेवा सुविधा:** संस्थाको नियमानुसार
**सम्पर्क मिति:** २०८३ जेठ २० गते

★ वर्ष : २८ ★ अङ्क : १२४ ★ ने. सं. ११४६ अनाला थ्व, एकादशी ★ बुधबार ★ १३ जेठ, २०८३ ★ May 27, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन र क्षेत्रीय शान्ति र स्थिरताको रक्षा गर्नुपर्नेमा चीनको जोड



पेइचिङ, १२ जेठ । सिङ्गापुरका विदेशमन्त्री भिभियन बालकृष्णनसँगको भेटमा चिनियाँ परराष्ट्रमन्त्री वाङ यीले चीन र सिङ्गापुर दुवै विश्वमा स्थिरता ल्याउने कारक भएको र संयुक्त रूपमा उदीयमान विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्नुपर्ने र क्षेत्रीय शान्ति र स्थिरताको रक्षा गर्नुपर्ने बताउनुभयो । विश्वव्यापी औद्योगिक तथा आपूर्ति शृङ्खलाको सुरक्षा र समुद्री यातायातको निर्बाध प्रवाह कायम राख्नु सबै देशहरूको साझा आकाङ्क्षा रहेको र चीन यस सम्बन्धमा आफ्नो प्रयास जारी राख्न इच्छुक छ । चीनले चीन-आसियान सहयोगलाई प्रवर्द्धन गर्न सिङ्गापुरले सकारात्मक भूमिका खेल्ने अपेक्षा गर्दछ ।

प्रत्युत्तरमा बालकृष्णनले भन्नुभयो, "सिङ्गापुर एक-चीन नीतिको पालना गर्दछ । सिङ्गापुरले मलाक्का जलडमरू र अन्य अन्तर्राष्ट्रिय जलमार्गहरूमा नेभिगेसनको स्वतन्त्रतालाई समर्थन गर्दछ । सिङ्गापुर चीन-आसियान व्यापक रणनीतिक साझेदारीमा ठूलो प्रगतिलाई प्रवर्द्धन गर्न इच्छुक छ ।"

त्यस्तै पाकिस्तानी सेनाप्रमुख मुनिरसँगको भेटमा परराष्ट्रमन्त्री वाङ यीले अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थिति जतिसुकै परिवर्तन भए पनि चीन र पाकिस्तानबिचको मित्रता चट्टानजस्तो बलियो र अटुट रहने बताउनुभयो । चीन र पाकिस्तानबिचको परम्परागत मित्रतालाई गहिरो बनाउन र साझा भविष्य भएको समुदाय निर्माण गर्न पाकिस्तानी सेनाले नयाँ योगदान पुऱ्याउने उनको विश्वास छ ।

मुनिरले पाकिस्तानी सेनाले साझा भविष्य भएको चीन-पाकिस्तान समुदायको निर्माण र चीन-पाकिस्तान आर्थिक करिडोरको निर्माणलाई पूर्ण रूपमा प्रवर्द्धन गर्न जारी राख्ने बताउनुभयो ।

**मध्यपूर्व तथा खाडी क्षेत्रमा शीघ्र शान्ति स्थापनाका लागि चीनको जोड**

यसैबिच मे २६ का दिन चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनको आयोजना गर्नुभयो । सो अवसरमा अमेरिकाले इरानमाथि पुन: हमला गरेको बारेमा प्रश्न उठेको छ । समाचारअनुसार, पत्रकारहरूले सोधे, अमेरिकी सेनाले इरानविरुद्ध नयाँ चरणको सैन्य कारबाही सुरु गरेको छ, जसको लक्ष्य सिधै इरानको क्षेप्यास्त्र प्रक्षेपण आधार र जहाज रहेको छ । यसबारे चीनको के टिप्पणी छ ?

प्रवक्ता माओ निङले युद्धविरामको प्रतिबद्धता पूरा गर्न, विवाद शान्तिपूर्ण तरिकाले समाधान गर्न, सबै पक्षको उचित चासो सम्बोधन हुने समाधानका लागि वार्ता र संवादमार्फत निरन्तर प्रयास गर्न, मध्यपूर्व र खाडी क्षेत्रमा शीघ्र शान्ति पुनर्स्थापित गर्न सहयोग पुऱ्याउन चीनले सम्बन्धित पक्षहरूलाई जोड दिएको बताउनुभयो ।

त्यस्तै प्रवक्ता माउ निङले नियमित पत्रकार सम्मेलनमा एक पत्रकारले सोधेका छन्, "अमेरिका, जापान, भारत र अस्ट्रेलियाले इन्डो-प्यासिफिक क्षेत्रलाई लक्षित गर्दै समुद्री निगरानी कार्यक्रम सुरु गरेका छन् । यसबारे चीनको टिप्पणी के छ ?"

प्रवक्ता माउ निङले भन्नुभयो, "चीनले चतुर्भुज (क्वाड) संयन्त्रमा आफ्नो अडान बारम्बार स्पष्ट पारेको छ । हामीले सधैँ विश्वास गरेका छौँ कि देशहरूबिचको सहयोग क्षेत्रीय शान्ति, स्थिरता र समृद्धिलाई प्रवर्द्धन गर्न अनुकूल हुनुपर्छ । कुनै तेस्रो पक्षलाई लक्षित गर्नु हुँदैन । हामी विशेष 'साना घेराहरू' वा समूह टकरावलाई पनि समर्थन गर्दैनौँ । कुनै पनि सहयोगले क्षेत्रका देशहरूबिचको पारस्परिक विश्वास र सहयोगलाई कमजोर पार्नु हुँदैन ।"

**नयाँ प्रकारको सैन्यवाद फर्कन नसकिने बाटो; जापानलाई शान्ति प्रतिबद्धताहरू कायम राख्न आग्रह**

त्यसैगरी जापानको "विशेष गरी रक्षा-उन्मुख नीति अपरिवर्तित रहेको र जापानमा चीनको 'नयाँ प्रकारको सैन्यवाद' को दाबी निराधार छ भन्ने जापानी मुख्य सचिवको हालैको भनाइको सन्दर्भमा, चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता माउ निङले पत्रकार सम्मेलनमा कामभन्दा शब्द चर्को सुनिने बताउनुभयो ।

हालैका वर्षहरूमा जापान सरकारले निरन्तर आफ्नो सैन्य खर्च बढाएको छ । घातक हतियारको निर्यातमा प्रतिबन्धहरू खुकुलो पारेको छ । बारम्बार सैन्य अभ्यासमा भाग लिएको छ र लामो दूरीको क्षेप्यास्त्रहरूको तैनाथीलाई प्रवर्द्धन गरेको छ । सक्रिय आक्रमण गर्न सक्षम तथाकथित 'प्रतिआक्रमण क्षमता' निर्माण गरेको छ र ठूलो मात्रामा संवेदनशील आणविक सामग्रीहरू भण्डार गरेको छ ।

***बाँकी पृष्ठ ८ मा***

## दाफा प्रदर्शनी तयारीस्वरूप संस्कृतिकर्मीहरूको भेला : क्रम निर्धारण गर्न गोलाप्रथा

भक्तपुर, १२ जेठ । भक्तपुर नगरपालिकाको आयोजनामा जेठ १५ र १६ गते नासमना टोलमा हुने भक्तपुर नगरव्यापी दाफा प्रदर्शनीको तयारीस्वरूप मङ्गलबार संस्कृतिकर्मीहरूको भेला तथा प्रदर्शनीमा सहभागी समूहहरूको क्रम निर्धारण गर्न गोला प्रथा कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगरभित्र रहेका विभिन्न दाफा समूहका सांस्कृतिक गुरु तथा संस्कृतिकर्मीहरूको सहभागिता थियो । उक्त भेलामा आगामी प्रदर्शनीको तयारी, सहभागी समूहहरूको व्यवस्थापन तथा नियमहरूबारे छलफल भयो । कार्यक्रममा दाफा प्रदर्शनीमा सहभागी हुने समूहहरूको क्रम निर्धारण गर्न गोलाप्रथा गरिएको थियो ।

भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दाफा प्रतियोगितामा सहभागी संस्कृतिकर्मी तथा दाफा समूहका प्रतिनिधिहरूले समय पालना र अनुशासनलाई विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले दाफा भजन सांस्कृतिक परम्परा मात्र नभई नेपाली मौलिक संस्कृति, पहिचान र सभ्यतासँग पनि जोडिएको अमूल्य सम्पदा भएको बताउनुभयो ।

'हाम्रो संस्कृति हामीले नै बचाउनुपर्छ' भन्ने भावनाले दाफा प्रदर्शनीको आयोजना गरिएको उल्लेख गर्दै उहाँले दाफा भजन हाम्रो गौरव गर्न लायक सांस्कृतिक सम्पदा भएकोले यसको जगेर्नामा नयाँ पुस्तालाई जोड्न आवश्यक रहेको धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा हुने दाफा प्रदर्शनीमा ४९ वटा दाफा टोलीहरूको सहभागिता रहेको भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले अवगत गराउनुभयो ।

**व्यङ्ग्यचित्रको कुनो**




## प्रदेश सरकार सङ्घीय सरकारको भरमा बस्न नहुने

हेटौँडा, १२ जेठ । वाग्मती प्रदेश सरकारले विनियोजन विधेयक - ०८३ का सिद्धान्त र प्राथमिकता सोमबार प्रस्तुत गऱ्यो । उक्त विधेयकमाथि वाग्मती प्रदेशसभामा मङ्गलबार छलफल सम्पन्न भयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देश विदेशीको भरमा बस्न नमिलेझैँ प्रदेश पनि माथिल्लो सरकारको भरमा बस्न नमिल्ने विचार व्यक्त गर्नुभयो । स्थानीय तहसँग समन्वय एवम् सहकार्य गर्दै विकेन्द्रीकरण तथा सङ्घीयताको मूल मर्मबमोजिम प्रदेश सरकार हिँड्न आवश्यक भएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "विकास निर्माणमा जनसहभागिता, जनपरिचालन, श्रमदान, मुठीदानको उपाय अपनाउनु बुद्धिमानी हुनेछ । जनतालाई केन्द्रमा राखेर गरिएको विकासमात्र दिगो हुनेछ ।"

बहुसङ्ख्यक काम गरिखाने जनतालाई हेरेर बजेट निर्माण गर्नु हितकर हुने विचार व्यक्त गर्दै उहाँले भौतिक निर्माणमात्र विकास होइन बरु शैक्षिक, सांस्कृतिक तथा बौद्धिक विकास वर्तमान पुस्ताको आवश्यकता हो भन्नुभयो ।

"हाम्रो उद्योग सिकिस्त छ भने उत्पादन शून्यझैँ छ । हाम्रा गाउँहरू सुनसान छन् । हाम्रा पहाडहरू खाली छन् । खेतहरू बाँझा छन् । सहरहरू अशान्त, असुरक्षित र प्रदूषित छन् । सन्तुलित विकास नहुँदा यो दुर्भाग्यबाट माथि उठ्न नसक्नु विडम्बना हो," उहाँले भन्नुभयो ।

उहाँले भक्तपुर संसारकै सुन्दर ऐतिहासिक सहर हो भन्दै सम्पदा एवम् मौलिक कला र संस्कृति संरक्षित सहर भक्तपुरको महत्त्व र गरिमा वाग्मती प्रदेश सरकारले पनि बुझ्न आवश्यक छ भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले विदेशीसँग मागेर देशको आर्थिक विकास तथा स्वतन्त्रता जोगाउन सम्भव नहुने विचार व्यक्त गर्नुभयो । उहाँले देश आर्थिक ऋण पासोमा फस्दै गइरहेको चर्चा गर्दै संसारमा पुँजीवादी बजार अर्थतन्त्र असफल एवम् अमानवीय बन्दै गएको उल्लेख गर्नुभयो ।

उहाँले नेपालको आर्थिक विकास नहुनुमा आयात निर्भरता दोषी रहेको चर्चा गर्दै आत्मनिर्भरताका व्यावहारिक पाइला चाल्न नसकेसम्म सङ्कटमुक्त बन्न नसक्ने धारणा राख्नुभयो ।

अर्का सदस्य गीता काफ्लेले किसान तथा काम गरिखाने जनताको हितको सरकारहरूले काम नगरेकै कारण गरिबी, असमानता र अशान्ति बढेको धारणा राख्नुभयो । उहाँले किसानलाई जग्गामाथि स्वामित्व दिनुभन्दा बेदखल गर्नु अन्याय हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले किसानहरूको जग्गा खोस्ने काम गर्दै छ । यो सरासर गलत छ । गुठी संस्थानले मोही किसानलाई जग्गाको स्वामित्वमा बेदखल गर्ने निर्णय गलत छ ।"

बैठकमा उठेका विषयबारे आर्थिक मामिलामन्त्री प्रभात तामाङले जवाफ दिनुभयो । उहाँले भक्तपुरलाई सम्पदा, कला र संस्कृति संरक्षित सहर बनाउने प्रस्तावप्रति आफू सकारात्मक रहेको बताउनुभयो । मङ्गलबार बसेको दोस्रो बैठकमा प्रदेश प्रमुख दीपक देवकोटाले प्रदेश सरकारको आव ०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

त्यस्तै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शासकहरूको अकर्मण्यताका कारण वैदेशिक ऋणबाट देश थिचिँदै गइरहेको विचार राख्नुभयो ।

सोमबार सुरु भएको वाग्मती प्रदेशसभाको अठारौँ अधिवेशनको पहिलो बैठकमा प्रदेशसभा सदस्य गोसाईले सम्पत्ति-सम्पदामा आगो नलगाउने स्पष्ट पार्नुभयो । उहाँले आईआरआई, एनईडी, जेनेरेसन डेमोक्रेसीजस्ता संस्थाहरूले संसारका विभिन्न देशमा डलरको दुरूपयोग गर्दै सत्ता परिवर्तनमा खेल खेलेको चर्चा व्यापक भएको बताउनुभयो ।

उहाँले चिन्तनमा दरिद्रता भएसम्म र विचारमा अस्पष्टता बाँकी रहेसम्म भौतिक विकासले पूर्णता नपाउने धारणा राख्नुभयो ।

सो बैठकमा आर्थिक मामिलामन्त्री प्रभात तामाङले विनियोजन विधेयक - ०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभयो ।

**सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।**

❖ राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
❖ झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
❖ घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
❖ खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
❖ प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
❖ सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
❖ अस्पतालमा सर्पदंश विरुद्दको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड




भक्तपुर नगरपालिका अन्तरवडा फुटसल प्रतियोगिताको सातौँ दिन मङ्गलबार पहिलो खेलअन्तर्गत भनपा वडा नं. ६ को टीम र भनपा वडा नं. ६ बिच भएको खेल ।

# परिवर्तित समयमा अभिभावकहरूको दायित्व विषयमा बृहत् छलफल

भक्तपुर, १२ जेठ । नेपाल सरकारको शिक्षा नीतिअनुसार शैक्षिक सत्र सुरु भएसँगै संस्थागत विद्यालयका अभिभावकमाथि पहिलेदेखि बिनाकारण एउटै विषयअन्तर्गत पर्ने शीर्षक वा उपशीर्षकलाई छुट्टाछुट्टै शीर्षक बनाई शुल्क उठाउने गर्दै आएको प्रवृतिमा खासै तात्त्विक भिन्नता नआएको गुनासो बढ्न थालेपछि अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्यसमितिले 'परिवर्तित समयमा अभिभावकको दायित्व' विषयक एक समारोहबिच बृहत् छलफल कार्यक्रम सम्पन्न गर्‍यो ।

उक्त अवसरमा अभिभावक सङ्घ नेपालका संस्थापक अध्यक्ष एवम् वर्तमान संरक्षक सुप्रभात भण्डारीले बेथितिबाट आजित युवा जमातको जलनले स्थापित वर्तमान सरकारसँग नयाँ पुस्ताले अनुशासनमा आधारित सस्तो, सुलभ र वैज्ञानिक शिक्षाको ठुलो आशा गरेको बताउनुभयो । पछिल्ला घटनाक्रमले संस्थागत स्कूलका सञ्चालकहरूसँग पहिलेदेखिको मालिक्याइँ नफेरिएको उल्लेख गर्दै उहाँले मात्र नयाँ परिवेशसँगै मालिक्याइँलाई निरन्तरता दिन छेपारोले झैँ रूप बदलेको देखियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "सिङ्गो अभिभावकहरूका लागि हामी हिजो लड्यौँ, आज लड्दै छौँ र सङ्घर्षको पाइलामा हामी निरन्तरता दिइरहन्छौँ ।

अभिभावक सङ्घ नेपालका केन्द्रीय अध्यक्ष केशव पुरीले अभिभावक सङ्घको लामो इतिहास खराब कुराको साक्षी बसेर बनेको होइन भन्नुभयो । "अभिभावकहरूको हरेक दु:ख, कष्ट र पीडालाई लिएर आफ्नो अग्रसरता देखाउनु हाम्रो पहिलो कर्तव्य हो," उहाँले भन्नुभयो ।

अभिभावक सङ्घ नेपालका केन्द्रीय उपाध्यक्ष केपी शर्माले अभिभावकहरूले तिर्ने शुल्कको यथार्थ विवरण खुलाई संस्थागत बिल भर्पाई दिन आनाकानी गर्नु वा नमान्नु सरासर ठगी हो भन्नुभयो ।

नेपाल सरकारको शिक्षा नियमावलीविपरीत अभिभावकहरूको ढाड सेक्ने गरी शुल्क वृद्धि गरी असुलेको कुरालाई घुमाइफिराइ नछोड्ने मनोवृत्तिविरुद्ध अभिभावकहरूको सामूहिक प्रयास र भावनामाथि भाँजो हाल्न खोज्नेजस्ता अनैतिक प्रवृत्ति संस्थागत विद्यालयमा देखिनु अक्षम्य छ भन्दै अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्यसमितिका अध्यक्ष रामकृष्ण प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा उपाध्यक्ष राम सुवाल, सचिव आसराम सुवाल, कोषाध्यक्ष कृष्णप्रसाद दुमरु, सदस्य घनश्यामलगायत विभिन्न संस्थागत विद्यालयका अभिभावकहरूले पनि स्थानीय तहले अभिभावक सङ्घसमेतको सहभागितामा विद्यालय अनुगमन गर्नुपर्ने विषयलाई जोड दिँदै आ-आफ्नो भनाइ व्यक्त गर्नुभयो ।

# नेपाल राष्ट्र बैङ्क ऐन संशोधन विधेयक संसद्मा दर्ता

काठमाडौँ, १२ जेठ । नेपाल राष्ट्र बैङ्कलाई थप स्वायत्त, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा दर्ता गरेको छ । अर्थ मन्त्रालयले सोमबार प्रतिनिधिसभामा दर्ता गरेको उक्त विधेयकमा केन्द्रीय बैङ्कको भूमिका, संरचना, नियामकीय अधिकार, डिजिटल वित्तीय प्रणाली तथा वित्तीय स्थायित्वसँग सम्बन्धित विषयमा व्यापक संशोधन प्रस्ताव गरिएको छ ।

सरकारले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रमा आएको परिवर्तन, वित्तीय प्रणालीको विस्तार, डिजिटल प्रविधिको तीव्र प्रयोग तथा केन्द्रीय बैङ्कको बदलिँदो भूमिकालाई दृष्टिगत गर्दै विद्यमान ऐन संशोधन प्रक्रिया अघि बढाएको हो । विद्यमान ऐनका अस्पष्ट तथा व्यवहारमा कठिनाइ उत्पन्न गर्ने प्रावधानलाई स्पष्ट गर्दै अझ प्रभावकारी रूपमा सञ्चालन गर्न कानुनी सुधारका लागि यो विधेयक तयार पारिएको अर्थ मन्त्रालयले जनाएको छ ।

प्रस्तावित विधेयकमा विशेषगरी गभर्नर तथा सञ्चालक नियुक्ति र पदमुक्तिसम्बन्धी व्यवस्था पुन:संरचना गर्ने, वित्तीय स्थायित्व कायम गर्ने संयन्त्रलाई थप बलियो बनाउने, डिजिटल करेन्सीलाई कानुनी मान्यता दिने तथा केन्द्रीय बैङ्कको नियामकीय र सुपरीवेक्षकीय अधिकारलाई स्पष्ट पार्ने व्यवस्था समेटिएका छन् ।

विधेयकले पहिलोपटक 'डिजिटल करेन्सी' लाई कानुनी परिभाषाभित्र समावेश गरेको छ । हालसम्म 'करेन्सी नोट' मा केन्द्रित रहेको व्यवस्थालाई परिमार्जन गर्दै अब करेन्सी शब्दभित्र बैङ्कबाट जारी गरिने डिजिटल करेन्सीसमेत समेटिने प्रस्ताव गरिएको छ । यससँगै नेपाल राष्ट्र बैङ्कले जारी गर्ने डिजिटल मुद्रा बैङ्क नोटसरह कानुनी मान्यता प्राप्त गर्ने बाटो खुल्ने भएको छ ।

त्यस्तै, वित्तीय संस्थाको परिभाषा पनि विस्तार गरिएको छ । विधेयकको व्यवस्थाअनुसार अब विप्रेषण कारोबार गर्ने संस्था, भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था तथा डिजिटल भुक्तानी सेवा प्रदायकहरूलाई समेत वित्तीय संस्थाको दायराभित्र ल्याइने प्रस्ताव छ । यसले डिजिटल वालेट, पेमेन्ट गेटवे तथा रेमिट्यान्स सेवा प्रदायकलाई प्रत्यक्ष रूपमा केन्द्रीय बैङ्कको नियमनभित्र ल्याउने देखिन्छ ।

विधेयकमा 'वित्तीय होल्डिङ कम्पनी' सम्बन्धी नयाँ व्यवस्था पनि थप गरिएको छ । वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनी, संयुक्त उपक्रम वा संरचनागत स्वामित्व भएका संस्थालाई वित्तीय होल्डिङ कम्पनीका रूपमा परिभाषित गरिएको छ । यसले बैङ्किङ समूहको संरचना र स्वामित्व व्यवस्थापनलाई थप व्यवस्थित गर्ने अपेक्षा गरिएको छ ।

विधेयकमा राखिएको संशोधन प्रस्तावअनुसार नेपाल राष्ट्र बैङ्क सञ्चालक समितिको संरचनामा पनि परिवर्तन गरिने भएको छ । हाल अर्थ सचिव, दुई डेपुटी गभर्नर र सरकारले नियुक्त गरेका तीन जना सञ्चालक रहने व्यवस्था रहेकामा अब नियुक्त सञ्चालकको सङ्ख्या पाँच पुर्‍याइने प्रस्ताव गरिएको छ ।

विधेयकले नेपाल राष्ट्र बैङ्कलाई 'म्याक्रो प्रुडेन्सियल' नियामकका रूपमा स्पष्ट जिम्मेवारी दिने प्रस्ताव गरेको छ । बैङ्किङ तथा वित्तीय प्रणालीमा सर्वसाधारणको पहुँच र विश्वास अभिवृद्धि गर्ने, वित्तीय स्थायित्व कायम गर्ने तथा प्रणालीगत जोखिम व्यवस्थापन गर्ने भूमिकालाई कानुनी रूपमा बलियो बनाउने लक्ष्य राखिएको छ ।

त्यसैगरी, केन्द्रीय बैङ्कलाई वित्तीय प्रणालीसँग सम्बन्धित विभिन्न सहायक संस्थामा सीमित लगानी वा ऋण प्रवाह गर्न सक्ने अधिकार पनि प्रस्ताव गरिएको छ । धितो व्यवस्थापन, साख मूल्याङ्कन, वित्तीय सूचना आदानप्रदान, भुक्तानी क्लियरिङ, सम्पत्ति व्यवस्थापन तथा ट्रष्टी सेवाजस्ता क्षेत्रमा काम गर्ने संस्थामा राष्ट्र बैङ्कले कुल पुँजीको १० प्रतिशतसम्म लगानी गर्न सक्ने व्यवस्था विधेयकमा समावेश छ ।

विदेशी मुद्रा विनिमय दरसम्बन्धी व्यवस्थामा पनि संशोधन प्रस्ताव गरिएको छ । हाल राष्ट्र बैङ्कसँग रहेको विनिमय दर पद्धति निर्धारण गर्ने अधिकारलाई थप स्पष्ट पार्दै 'विनिमय दर पद्धति र विनिमय दर निर्धारण' सम्बन्धी व्यवस्था विधेयकमा राखिएको छ ।

सरकारका अनुसार मूल्य स्थिरता, शोधनान्तर स्थिरता तथा समग्र वित्तीय प्रणालीको विश्वसनीयता कायम राख्न राष्ट्र बैङ्कको भूमिका थप सक्षम र उत्तरदायी बनाउन आवश्यक भएकाले ऐन संशोधन गर्न लागिएको हो ।

राष्ट्र बैङ्क ऐन जारी भएयता नौ पटक संशोधन भइसकेको सन्दर्भमा प्रस्तावित संशोधन दसौँ हुने देखिएको छ । अर्थ मन्त्रालयका अनुसार केन्द्रीय बैङ्कको उद्देश्य, कार्यक्षेत्र र संरचनालाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य अवधारणासँग तादात्म्यता कायम गर्ने, संस्थागत स्वायत्तता सुदृढ गर्ने तथा सुपरीवेक्षकीय र नियमन भूमिकालाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ ऐन संशोधन गर्न लागिएको हो ।

त्यस्तै, केन्द्रीय बैङ्कको निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र व्यावसायिकता अभिवृद्धि गर्न कानुनी आधार अद्यावधिक गर्नुपर्ने भएकाले विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, नेपाल राष्ट्र बैङ्कको चौथो रणनीतिक योजना (२०२२-२०२६) तथा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लिखित सुधार कार्यक्रम कार्यान्वयन गर्न ऐनमा समयानुकूल संशोधन गर्न लागिएको हो । 'नेपाल राष्ट्र बैङ्क ऐन, २०५८' पछिल्लोपटक सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधन गर्ने ऐन, २०८० र सहकारीसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८१ मार्फत संशोधन गरिएको थियो । ***रासस***

# मिठाइ बनाउने तालिम सम्पन्न : उत्पादित वस्तु गुणस्तरीय र स्वास्थ्यवर्द्धक हुनुपर्नेमा जोड

भक्तपुर, १२ जेठ । उद्योग तथा वाणिज्य कार्यालयको आयोजना एवं भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सञ्चालित सातदिने मिठाइ बनाउने तालिम सोमबार एक कार्यक्रमबिच सम्पन्न भएको छ । नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय सदस्य वीरेन्द्र जतिको प्रमुख आतिथ्यमा भएको सो तालिममा सीपलाई व्यवसायमा बदल्न सुझाव दिनुभयो । सामूहिक रूपमा तिहार, औँसीलगायतका चाडपर्व र विशेष अवसरहरूमा मिठाइका परिकार बनाई बिक्री-वितरण गरेर राम्रो आयआर्जन गर्न सकिने उहाँको भनाइ थियो ।

उहाँले उत्पादित खाद्यान्नहरू स्वच्छकर हुनु जरुरी रहेको जानकारी गराउँदै जनस्वास्थ्यप्रति जिम्मेवार हुन आग्रह गर्दै भन्नुभयो, "पैसा कमाउने लोभमा अखाद्य सामग्रीहरूको प्रयोग नगर्न सचेत हुनुपर्छ । मानिसको स्वास्थ्यलाई ध्यानमा राखेर गुणस्तरीय परिकार उत्पादन गर्नु नै सफल उद्यमीको पहिचान हो ।"

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले सिकेको सीपलाई व्यवहारमा उतारी सफल उद्यमी बन्न शुभकामना व्यक्त गर्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद कुस्माले आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटअनुसार कार्यालयले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"तालिमपछि उद्योग दर्ता गरी व्यवसाय सञ्चालन गरेमा उद्योग तथा वाणिज्य कार्यालय, प्रदेश सरकार तथा स्थानीय सरकारबाट उपलब्ध हुने विभिन्न सेवा, सुविधा र अनुदान प्राप्त गर्न सकिन्छ ।"

सात दिनसम्म चलेको उक्त तालिममा नेपाली बजारमा अत्यधिक माग हुने परम्परागत तथा आधुनिक मिठाइहरू बनाउन सिकाइएको थियो । तालिममा सहभागीहरूलाई गुदपाक, पुष्टकारी, बर्फी, जेरी, लाखामरी, अनारसा, पुरी, लड्डु, खजुरी, रोट, लालमोहन र रसबरी परिकार बनाउने प्रयोगात्मक ज्ञान दिइएको थियो ।

सहभागीहरूको तर्फबाट सानुमैयाँ बजिक्वले सिकेको सीपलाई आफ्नो समुदायमा समेत बाँड्ने र सामूहिक रूपमा व्यवसाय सुरु गर्ने योजना रहेको सुनाउनुभयो । सीपलाई अझ परिष्कृत बनाउनका लागि आयोजकले आगामी दिनमा थप (एड्भान्स) तालिमको व्यवस्था गरिदिए आभारी हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले स्वागत मन्तव्य राख्दै तालिमको औचित्य र महत्त्वमाथि प्रकाश पार्नुभएको थियो । तालिम आशबहादुर सुवालले दिनुभएको थियो ।

# राष्ट्रियसभा उपाध्यक्ष र सिजाङ उपाध्यक्ष पेङबिच भेटवार्ता

काठमाडौँ, १२ जेठ । राष्ट्रियसभाकी उपाध्यक्ष लीलाकुमारी भण्डारी र जनवादी गणतन्त्र चीनको सिजाङ स्वायत्त क्षेत्रको जनसरकारका उपाध्यक्ष झाओ पेङबिच मङ्गलबार सिंहदरबारमा शिष्टाचार भेटवार्ता भएको छ ।

भेटवार्ताका क्रममा दुई पक्षबिच नेपाल-चीन सम्बन्ध, व्यापार, पर्यटन, कृषि, ऊर्जा तथा अन्तरसंसदीय सहकार्यलगायत विषयमा छलफल भएको उपाध्यक्ष भण्डारीको सचिवालयले जनाएको छ । उपाध्यक्ष भण्डारीले नेपाल र चीनबिच शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त, पुरानो मित्रता तथा पारस्परिक संवेदनशीलताको सम्मानमा आधारित उत्कृष्ट सम्बन्ध रहेको उल्लेख गर्दै 'एक-चीन सिद्धान्त' प्रति दृढ प्रतिबद्धता जनाउनुभयो । साथै, नेपालको भूमिबाट चीनको हितविपरीत कुनै गतिविधि हुन नदिने उहाँले प्रतिबद्धता पनि दोहोर्‍याउनुभयो ।

सिजाङसँगको सहकार्यबारे चर्चा गर्दै उपाध्यक्ष भण्डारीले व्यापार, पर्यटन, कृषि र ऊर्जा क्षेत्रमा भएको प्रगतिप्रति खुसी व्यक्त गर्नुभयो । हाल सिजाङ र नेपालबिचको व्यापारले नेपाल-चीन कुल व्यापारको करिब एक तिहाइ हिस्सा ओगटेको जानकारी दिँदै उहाँले सन् २०२५ को पहिलो ६ महिनामा २.१९ अर्ब युआन बराबरको व्यापार भएको र यो अघिल्लो वर्षको तुलनामा २२.१ प्रतिशतले वृद्धि भएको बताउनुभयो ।

उपाध्यक्ष भण्डारीले नेपाल-सिजाङ आर्थिक तथा व्यापार सहजीकरण समितिको १३ औँ बैठक गत जुन २०२५ मा ल्हासामा सफलतापूर्वक सम्पन्न भएको तथा १४ औँ बैठक यसै वर्ष काठमाडौँमा आयोजना गर्ने तयारी रहेको जानकारी समेत दिनुभयो । धुलिखेल नगरपालिका र अली प्रिफेक्चरबिच भगिनी सम्बन्ध स्थापना भएकोप्रति उहाँले खुसी व्यक्त गर्नुभयो ।

अन्तर संसदीय सहकार्यका विषयमा उपाध्यक्ष भण्डारीले प्रतिनिधिसभा र चिनियाँ राष्ट्रिय जनकाङ्ग्रेसबिच सन् २०२२ मा भएको समझदारीपत्रलाई महत्त्वपूर्ण कोसेढुङ्गा भएको बताउँदै आगामी दिनमा सङ्घीय संसद्मा नेपाल-चीन संसदीय मैत्री समूह गठन गर्ने योजना रहेको बताउनुभयो । उहाँले सिजाङले पूर्वाधार विकास, आर्थिक समृद्धि तथा जनजीविकामा हासिल गरेको उपलब्धिले नेपालका लागि थप आर्थिक अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो । ***रासस***

# तीन जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

काठमाडौँ, १२ जेठ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घूससम्बन्धी मुद्दामा प्रतिकूल बकपत्र गरेको अभियोगमा तीन जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सरकारी साक्षीका रूपमा उपस्थित गराइएका तीन जनाले गलत बयान दिएको भन्ने आयोगको आरोप छ । आयोगले उनीहरूलाई विशेष अदालतमा यसअघि नै दर्ता भएको एक मुद्दामा साक्षीका रूपमा उपस्थित गराएको थियो । सरकारी साक्षीका रूपमा उपस्थित प्रल्हाद गौतम, विप्लव पोखेल र राजेश श्रेष्ठले अनुसन्धानका क्रममा सहयोग नगरेको र गलत बकपत्र दिएको आयोगको दाबी छ ।

गत वैशाख २५ गते विशेष अदालतमा बकपत्र गर्दा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान प्रतिकूल हुने गरी बयान दिएको पुष्टि भएको छ ।

आयोगले स्याङ्जा पुतलीबजारका विप्लव पोखरेलविरुद्ध रु. ५६ हजार ३५०, हेटौँडा उपमहानगरपालिकाका प्रल्हाद गौतमविरुद्ध रु. ३७ हजार ५०० र सिन्धुपाल्चोक त्रिपुरासुन्दरीका राजेश श्रेष्ठविरुद्ध रु. २७ हजार ३५० बराबरको बिगो माग दाबी गरेको छ । उनीहरूले सो बराबरको रकम ढुण्डिराज दाहाललाई घूसबापत दिएका थिए । दाहाल यसअघि नै घूस लिएको अभियोगमा पक्राउ परेका थिए । ***रासस***

# मुख्य न्यायाधिवक्ताहरूको राष्ट्रिय सम्मेलन धनगढीमा सुरु

सुदूरपश्चिम, १२ जेठ । 'समन्वय, सहकार्य र कानुनको प्रभावकारी कार्यान्वयन–सबल मुख्य न्यायधिवक्ता, सुदृढ सङ्घीय शासन' भन्ने नाराका साथ मुख्य न्यायाधिवक्ताहरूको सातौँ राष्ट्रिय सम्मेलन मङ्गलबार धनगढीमा सुरु भएको छ ।

दुईदिने सम्मेलनमा नेपाल सरकारका मुख्यन्यायाधिवक्ता, प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताहरू, वरिष्ठ अधिवक्ताहरू सहभागी छन् । संविधान संशोधन र संविधानका अधिकार सूचीलगायत विषयमा कार्यपत्र पेस गरी छलफल बहस गर्न लागिएको छ ।

यसैगरी, सङ्घीय व्यवस्थालाई थप सुदृढ बनाउनका लागि कानुनी सबलीकरणका बारेमा छलफल हुन लागेको छ ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सम्मेलनको उद्घाटन गर्दै बनेका ऐन, कानुनको आ–आफ्नो ढङ्गले व्याख्या गर्ने प्रवृत्तिले देखिने जटिलता र अन्योल हटाउने गरी सम्मेलनमा बहस हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "ऐन कानुन बनाउने, त्यसलाई कार्यान्वयनमा लैजाने र कार्यान्वयनमा जाँदा प्रभावित हुनेहरू गरी तीन तहबिच बेलाबखत देखिने गरेका अन्योल र जटिलता हटाउनका लागि पहल गर्न जरुरी छ ।"

महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलले राज्यका संरचनालाई बलियो र प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा नायब महान्यायाधिवक्ता उद्धव पुडासैनी, सुदूरपश्चिम प्रदेशका मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशी, पूर्वमुख्य न्यायाधिवक्ता कुलानन्द उपाध्याय, वरिष्ठ अधिवक्ता पदमराज शर्मा, भेषबहादुर गुरुङलगायत वक्ताले सम्मेलनका बारेमा धारणा व्यक्त गर्नुभएको थियो । ***रासस***



**विपद्को बेला गरिने उद्धारको पूर्वअभ्यास**
महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–१ स्थित बरूण सरोवरमा नेपाली सेना र सशस्त्र प्रहरीद्वारा संयुक्त रूपमा विपद्को समयमा गर्नुपर्ने उद्धार कार्यको पूर्वअभ्यास गरिँदै । *तस्बिर: सञ्जीतकुमार मण्डल/रासस*

# विदेश पठाइदिने भन्दै करोडौँ ठगी गर्ने सात जना पक्राउ

काठमाडौँ, १२ जेठ । नेपाल प्रहरीले वैदेशिक रोजगारीमा विभिन्न देश पठाउने भन्दै सर्वसाधारणबाट करोडौँ रकम ठगी गरेको अभियोगमा सात जनालाई प्रहरीले पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौँ महानगरपालिका–११ स्थित डब्लुडब्लुआइसिएस अध्यागमन सेवा नेपाल प्रालिका सञ्चालक काठमाडौँ महानगरपालिका–२६ बस्ने भारत पञ्जाव मोहालीका २६ वर्षीय अमितकुमार र काठमाडौँ महानगरपालिका–३ बस्ने भारत हरियाणा फरिदावादका ३९ वर्षीय राहुल कुमार रहेको प्रहरीले जनाएको छ ।

उक्त ठगीको अभियोगमा पक्राउ पर्नेमा काठमाडौँ तारकेश्वर नगरपालिका बस्ने चितवन कालिका नगरपालिका–६ की २७ वर्षीया मुस्कान घिमिरे, मकवानपुर बकैया गाउँपालिका–९ का ३९ वर्षीय जनकबहादुर वाइबा, सुनसरी रामधुनी नगरपालिका–५ का २७ वर्षीय मिलन घिमिरे, काठमाडौँ महानगरपालिका–१५ बस्ने मोरङ बेलबारी नगरपालिका–३ का २७ वर्षीय कमल थापा तथा मकवानपुर हेटौँडा उपमहानगरपालिका–४ की ४० वर्षीया नितु घिमिरे रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

पक्राउ परेकामध्ये अमित र राहुलले क्यानडा पठाइदिने भन्दै रु. एक करोड ५७ लाख ६५ हजार ४००, मुस्कानले ग्रीस पठाउने भनी रु. १२ लाख, जनकले फ्रान्स पठाउने भन्दै रु. १६ लाख, मिलनले क्रोएसिया पठाउने भनी रु. तीन लाख ३५ हजार ठगी गरेका अभियोग छ ।

त्यस्तै, कमलले बेलायत, रोमानियालगायत देशमा पठाउने भन्दै रु. २७ लाख ५० हजार र नितुले अमेरिका पठाउने भन्दै रु. २६ लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको उपरीक्षक कार्कीले बताउनुभयो ।

पक्राउ परेकामध्ये अमित र राहुललाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको छ भने मुस्कान, जनक, मिलन, कमल र नितुलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो । ***रासस***

# विश्वका पशुपालक महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा

पाटन (ललितपुर), १२ जेठ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले विश्वका पशुपालक महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनले सामूहिक प्रतिबद्धतालाई अझै बलियो बनाउने अवसर प्रदान गर्नेछ भन्ने धारणा राख्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको प्राविधिक सहयोगमा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) खुमलटारमा आयोजित विश्वका पशुपालक महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सम्मेलन महिला पशुपालकहरूलाई अधिकारको सम्मान र पहिचान गर्ने सशक्त माध्यम बन्नेछ धारणा राख्नुभएको हो ।

"यो सम्मेलन महिला पशुपालकहरूको आवाज विश्वले सुन्ने माध्यम बनेको छ, सम्मेलनमा हुने प्रत्येक छलफलहरूले दुर्गम र संवेदनशील भूभागहरूमा आफ्ना पशुहरूसँग जीवनयापन गरिरहेका महिला, पुरुष र बालबालिकाहरूको वास्तविकतालाई केन्द्रबिन्दुमा राखेर छलफलहरूलाई अगाडि बढाइनुपर्छ, पशुपालन जीवनशैलीलाई केवल पशुपालनसँगमात्रै सीमित नभइकन खाद्य प्रणाली जैविक विविधता संरक्षण, पारिस्थितिक संरक्षण, सांस्कृतिक सम्पदा र स्थानीय अर्थतन्त्रसँग गहिरो सम्बन्ध जोडिएको छ, यी प्रणालीहरूलाई ध्यानमा दिएर नीति निर्माण तहमा महिलाहरूको आवाज पर्याप्त रूपमा प्रतिनिधित्व हुन सकिरहेको छैन," मन्त्री चौधरीले भन्नुभयो ।

चरण क्षेत्रसम्मका समस्या हाम्रो जीविकोपार्जन प्रणालीका साझा दायित्व हुने भन्दै मन्त्री चौधरीले अन्तर्राष्ट्रिय चरनभूमि, उत्पादनशीलता र पशुपालनमा रहेका महिलाहरूको आवाज उठाउनुपर्छ भन्नेमा जोड दिनुभयो ।

"सम्मेलन समयसापेक्ष र अत्यन्तै महत्त्वपूर्ण रहेको छ, महिला पशुपालकहरूको समस्या सुनिनुपर्छ, आगामी पुस्ताको भविष्य सुरक्षित गरिनुपर्छ, यो ज्ञान सिक्ने र अनुभव आदानप्रदान गर्ने एउटा महत्त्वपूर्ण मञ्च पनि हो, हामीले उठाउने प्रत्येक आवाजलाई दुर्गम र पिछडिएको भूभागका महिला तथा पुरुषहरूलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ," उहाँले भन्नुभयो ।

सरकारले प्राथमिकताका साथ विभिन्न सरोकारमा काम गर्दा महिला पशुपालकहरूले उठाएका सरोकार र विषयलाई सम्बोधन गर्न सकिन्छ भन्दै नेपालमा दुग्ध क्षेत्रको विकासमा कसरी काम गर्न सकिन्छ भनेर ध्यान दिइरहेका छौँ भन्नुभयो ।

"नेपालको हिमाली क्षेत्रदेखि मध्यपहाडसम्ममा पशुपालक जीवनशैली प्रमुख जीविकोपार्जन र कतिपय संस्कृतिको अभिन्न हिस्सा बन्दै आएको छ, यहाँका पशुपालकहरूले याक, भेडा, च्याङ्ग्रा तथा अन्य पशुपालनमार्फत पुस्तौँदेखि समुदायको स्थानीय अर्थतन्त्र, खाद्य प्रणाली तथा संस्कृतिक परम्परालाई जोगाइराखेका छन् । यसमा विशेषगरी महिला पशुपालकहरूको महत्त्वपूर्ण योगदानले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन, महिला पशुपालकहरूको समस्या र चुनौती विश्वभरका साझा समस्या हुन्," उहाँले भन्नुभयो ।

उहाँले राष्ट्रिय योजना र विकासमा पशुपालक महिलाहरूका समस्याहरूलाई समेटेर सरकारले नीतिगत व्यवस्था गर्ने जानकारी गराउनुभयो । उहाँले नेपालमा गठन भएको वर्तमान सरकार ऊर्जाशील युवा तथा महिलाहरूको अधिक सहभागिता रहेको जानकारी गराउँदै विकासका साथै दिगो भविष्य निर्माण गर्न नेतृत्व क्रियाशील रहेको जानकारी गराउनुभयो ।

संयुक्त राष्ट्रसङ्घले घोषणा गरेको अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा पशुपालक वर्ष सन् २०२६ का सहअध्यक्ष डाक्टर मारिया फर्नान्डेज–गिमेनेजले यो सम्मेलन विश्वव्यापी नेटवर्क स्थापित गर्दै विश्वव्यापी घोषणापत्र जारी गर्न सफल हुने विश्वास व्यक्त गर्दै महिलाहरूको आवाजलाई बुलन्द बनाउन सफल हुने धारणा राख्नुभयो । उहाँले यस सम्मेलनले विश्वभरिबाट जम्मा भएका महिला पशुपालकहरूलाई अभिप्रेरित गर्नेछ भन्ने विश्वास रहेको छ भन्दै यसले आफ्नो कथा र दृष्टिकोणलाई परिवर्तन गर्न योगदान पुऱ्याउने प्रस्ट पार्नुभयो ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन ( एफएओ) का आवासीय प्रतिनिधि डाक्टर केन शिमीजुले यो सम्मेलन ऐतिहासिक भएको बताउँदै विश्वव्यापी विविधतालाई एकताबद्ध गर्दै पशुपालक महिलाहरूको क्षमता विकास र नेतृत्व विकासमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले यो सम्मेलनले सकरात्मक परिवर्तन ल्याउन सफल हुने विश्वास व्यक्त गर्दै लैङ्गिक उत्तरदायित्व नीतिगत व्यवस्थाका साथै सकारात्मक भविष्यको लागि कोसेढुङ्गा सावित हुने धारणा राख्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले महिला पशुपालकहरूका अनुभव, सङ्घर्षको कथाहरूका आधारमा स्थानीयदेखि अन्तर्राष्ट्रिय तहका निर्णय प्रक्रिया र नीतिहरूमा पशुपालक महिलाहरूको दृष्टिकोण र प्राथमिकता समावेश गराउन दबाब दिन सम्मेलन सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

आजदेखि सुरु भएको सम्मेलन शुक्रबारसम्म सञ्चालन हुने छ । सन् २०१० मा भारतको 'मेरा' क्षेत्रमा भएको विश्व सम्मेलनमा पशुपालक महिलाहरूले तयार पारेको दस्तावेजको समीक्षा गर्नु यो सम्मेलनको मुख्य विषय हो । यसले लैङ्गिक समानता, पशुपालकको अधिकार र वातावरण संरक्षणलाई जोड दिइएको छ । ***रासस***

# मध्य काठमाडौँमा १३२ केभी क्षमताको भूमिगत प्रसारण लाइन निर्माण हुने

काठमाडौँ, १२ जेठ । नेपाल विद्युत् प्राधिकरणले काठमाडौँको मध्यभागमा १३२ केभी क्षमताको भूमिगत प्रसारण लाइन निर्माण गर्ने भएको छ । चक्रपथभित्र सहज रूपमा विद्युत् उपलब्ध गराउने लक्ष्यका साथ सो प्रसारण लाइन निर्माण गर्न लागिएको हो ।

विद्युत् खपत बढाउने र सहरमा सौन्दर्य अभिवृद्धि गर्ने लक्ष्यका साथ भूमिगत प्रसारण लाइन निर्माण हुन लागेको बताइएको छ ।

प्रस्तावबमोजिम बालाजु महाराजगञ्ज–राजदरबार–रत्नपार्क हुँदै सिंहदरबारसम्म सो प्रसारण लाइन जोडिनेछ । बालाजु सवस्टशेनदेखि सिंहदरबारसम्म जोडिने सो प्रसारण लाइनको लम्बाइ ११ दशमलव ९२ किलोमिटर रहनेछ ।

डलब सर्किट सो प्रसारण लाइन आगामी तीन वर्षभित्र निर्माण सम्पन्न हुनेछ । यस्तै, महाराजगञ्जमा एक सय ३२/११ केभी राजदरबारमा एक सय ३२/११ केभी क्षमताको सवस्टेशन निर्माण हुनेछ ।

यस्तै, रत्नपार्कमा एक सय ३२/११ केभी र सिंहदरबारमा एक ३२/६६/११ केभी क्षमताको सवस्टेशन समेत निर्माण हुनेछ । सो प्रसारण लाइन र सवस्टेशन निर्माणका लागि अनुमति मात्रै प्राधिकरणले विद्युत् विकास विभागमा आवेदन दिएको छ ।

सो प्रसारण लाइनको क्षमता १३२ केभी बराबर रहनेछ । भूमिगत डबल सर्किट रहने सो प्रसारण लाइनमा ३५० मेगावाटसम्मको विद्युत् शक्ति प्रवाह हुनेछ ।

सो प्रसारण लाइन लाइनमा २१ 'ज्वाइन्ट पिट्स' हरू निर्माण हुनेछ । त्यसको अधिकतम दूरी ५०० मिटरसम्म हुनेछ । आयोजना निर्माणको लागि कूल एक दशमलव ६२ हेक्टर जमिन आवश्यक पर्नेछ ।

# विद्यार्थीको दिवा खाजामा स्थानीय उत्पादन 'सखरखण्ड'

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), १२ जेठ । रूपन्देहीको कञ्चन गाउँपालिकाले विद्यालय तहका विद्यार्थीको पोषण सुधार तथा दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिनेभएको छ ।

सो पालिकाले स्थानीयस्तरमा उत्पादित सखरखण्ड समावेश गरी दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने भएको हो । सो पालिकामा पर्याप्त मात्रामा उत्पादन हुने सुन्तला रङको गुणस्तरीय सखरखण्ड गाउँमै खपत गर्ने उद्देश्यले दिवा खाजामा समावेश गर्न अनुरोध गरेको विद्यालयले स्पष्ट गरेको छ ।

स्थानीय किसानले उत्पादन गरेको सखरखण्ड विद्यार्थीको दिवा खाजामा समावेश गर्न गाउँपालिकाले नीति ल्याएको हो । गाउँपालिका अध्यक्ष नवराज ढकालका अनुसार पौष्टिक तत्त्वले भरिपूर्ण तथा भिटामिन 'ए' प्रशस्त पाउने सखरखण्डले विद्यार्थीको स्वास्थ्य, वृद्धि विकास र पढाइ क्षमतामा सकारात्मक प्रभाव पार्न सक्ने भनी दिवा खाजामा राख्न लागिएको हो ।

"गाउँपालिकामा रहेका १९ सामुदायिक विद्यालयको दिवा खाजामार्फत बालबालिकालाई कुपोषणबाट बचाउनका लागि सखरखण्ड खुवाउने कार्यक्रम अगाडि बढाएका हौँ," उहाँले भन्नुभयो ।

सुरुमा गाउँपालिकाभित्रका धेरै जग्गामा खेती गर्ने सात जना किसानलाई बाहिरबाट बीउ मगाएर खेती गर्न प्रोत्साहित गरिएको थियो । विद्यार्थीको दिवा खाजामा यो परिकार समावेश गर्ने विषयमा संस्थागत विद्यालयका प्रधानध्यापक तथा सञ्चालकहरूसँग पहिलो चरणको छलफल भएको अध्यक्ष ढकालले बताउनुभयो ।

दिवा खाजा कार्यक्रमअन्तर्गत स्थानीय उत्पादनलाई प्राथमिकता दिँदा किसानलाई पनि प्रत्यक्ष लाभ पुग्ने ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "यसको बजारीकरण भयो भने किसानको आम्दानीको स्रोत बन्छ । अहिले सात जना किसानसँगै महिला समूह र महिला स्वयंसेविकाहरूलाई पनि यसको खेती गर्न बीउ उपलब्ध गराइएको छ ।"

विद्यालयको दिवा खाजामा स्थानीय उत्पादनलाई समावेश गर्नु दिगो पोषण व्यवस्थापनका लागि महत्त्वपूर्ण कदम हो । यसले बालबालिकामा अस्वस्थकर तथा हानिकारक खानाको निर्भरता घटाउन मद्दत गर्ने कञ्चन गाउँपालिका हरैया मावि विद्यालयका दिवा खाजा कार्यक्रम हेर्ने शिक्षक भरत शर्मा बताउनुहुन्छ ।

"अहिलेसम्म विद्यालयमा खिर, हलुवा, समोसालगायतका खाद्यपरिकार दिवा खाजामा राखिएको थियो । अबदेखि दिवा खाजा परिकारमा सुन्तला रङको सखरखण्ड मिसाएर खुवाउन सकिन्छ," उहाँले भन्नुभयो । परियोजना संयोजक भीमा पराजुलीका अनुसार 'हेलेन केलर' संस्थाको प्राविधिक सहयोगमा सुरु गरिएको सुन्तला रङको सखरखण्ड बङ्गलादेशबाट मगाएर नेपालमा खेती गर्न थालिएको हो ।

उहाँले कञ्चन गाउँपालिकामा पोषणको क्षेत्रमा काम गर्दै जाँदा सुन्तला रङको सखरखण्डमा भिटामिन 'ए' सहित अन्य पोषणतत्व प्रशस्त पाउने भएपछि गाउँपालिकासँगको सहकार्यमा दिवा खाजामा सखरखण्ड राख्ने कार्यक्रमलाई प्राविधिक सहयोग गरिएको बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# देश र जनताको इमानदारीपूर्वक सेवा गर्नुपर्ने

रास्वपा नयाँ पार्टी होइन तर रास्वपाको नयाँ सरकार भन्ने अवश्य हो । हरेक नयाँ सरकारले सकेसम्म गएको सरकारभन्दा नयाँ नयाँ काम गर्ने चाहना राख्नु र गर्नु अस्वाभाविक होइन । यो सरकारले पनि परिवर्तन होइन केही सुधारात्मक काम गर्न खोजेको छ । जनतामा पनि नयाँ सरकारले काम गर्ला भन्ने आशा छ । अघिल्ला सरकारहरूले गरेको हालीमुहाली र मनपरी काम सहन नसकेरै ती पार्टीहरूलाई जनताले अविश्वास गरेका हुन् । सरकारप्रति जनताको असन्तोष बढेको हो । जनतामा छाएको असन्तोषकै कारण अघिल्लो सरकार पतन भएको हो । नयाँ सरकार विगतको सरकारले गरेको गल्तीमा कमी कमजोरी हटाएर अघि बढ्नुपर्छ । विगतमा जनतामा उठेको आक्रोश र वितृष्णाको कारण रास्वपाले सरकार गठन गर्ने अवसर पाएको हो । अब रास्वपाले जनताको समस्या सुन्ने मात्र होइन समाधान गर्नेतर्फ लाग्नुपर्छ ।

रास्वपाको मूलमन्त्र थाहा पाएर जनताले निर्वाचनमा मतदान गरेका होइनन् । रास्वपाको वाचापत्र अध्ययन गरेर जनताले मत राखेका होइनन् । पुरानो सरकारले काम नगरेकै कारण जनतामा निरासा छाएको हो; राजनीतिप्रति वितृष्णा बढेको हो । यसको फाइदा रास्वपाले पाएको हो । रास्वपाको विचार सही भएर जनताले मत राखेका होइनन् । जनतालाई रास्वपाको आर्थिक दर्शन, सङ्घीयताप्रतिको दृष्टिकोण र परराष्ट्र नीतिको खाका अध्ययन गरेर जनता रास्वपातर्फ उन्मुख भएको अवश्य होइन । यो सरकारले पनि जनताको वास्तविक समस्या बुझ्छ कि बुझ्दैन ? समस्या बुझेर काम गर्छ कि गर्दैन ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ ।


रास्वपाको वाचापत्र छ । रास्वपाको वाचापत्रमा श्रमजीवीवर्गका जनताको सेवा गर्ने कुरा छैन भने बहुमत जनताको काम कसरी हुन्छ ? एकातिर वाचापत्र नै बहुमत जनताको पक्षमा छैन भने अर्कोतिर वाचापत्रअनुसार सरकारले काम गरिरहेको पनि छैन । अहिले भइरहेको काम रास्वपाको वाचापत्रअनुसार होइन बरु प्रधानमन्त्री बालेन साहको स्वविवेकमा काम भइरहेको चर्चा छ । निर्णय गर्न न मन्त्रिपरिषद्को बैठक बस्नुपर्छ न त पार्टीको परामर्श नै लिनुपर्छ । सरकारमा व्यक्तिको हाबी भयो भने, देश, जनता र पार्टीभन्दा व्यक्तिलाई महत्त्व दिइयो भने त्यो कुनै दिन पतन हुन बेर लाग्दैन ।

सरकारले एमसीसीबारे प्रस्ट धारणा अघि सारेको छैन । विस्तारवादी देश भारतले अतिक्रमण गरिरहेको जग्गा फिर्ता लिनेबारे सरकार मौन छ । पहिले मुद्दा खेपिरहेका नेता, पूर्वमन्त्री तथा पूर्वसांसदहरूको मुद्दा प्रक्रिया अघि बढाउने सम्बन्धमा सरकार बेखबर छ । विगतमा एक एक मुद्दाका फाइल झिकेर कारबाहीको प्रक्रिया अघि बढाउने वाचा रास्वपाका सभापतिले गरेका थिए । यसबारे पनि सरकार अघि बढेको देखिँदैन । प्रमको कार्यशैली हेरेर रास्वपाका सांसदहरूले नै प्रम साहको शासन शैली र संसद्प्रति जवाफदेही नबनेको भन्दै आलोचना गरेका थिए । संसद्लाई बेवास्ता गरेर संसदीय मूल्य र मान्यताको बाटो छलेर नबोली काम गर्छु भनेर एकसुर भएर अघि बढ्दा कुनै दिन ठुलो दुर्घटना निम्तिन सक्छ । रास्वपाका सांसदहरूमा अहङ्कार बढेको, सांसदहरूमा राजनीतिप्रति चासो नभएको, देश र जनताको इमानदारीपूर्वक सेवा गर्नुभन्दा आ-आफ्नै पारामा, धन्दामा व्यस्त भएको जनताले अनुभव गर्न थालेका छन् ।

सरकारले भ्रष्टाचार, अनियमितता अन्त्य गर्न सके देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकार अघि बढे त्यो देश र जनताको निम्ति नै हितकर हुन्छ । भ्रष्टाचारी र कमिसनखोरहरू दण्डित हुनुपर्छ । देशका ठग र अपराधीहरू कारबाहीमा पर्नुपर्छ । ठग, अपराधी र भ्रष्टाचारीहरूलाई जेलमा कोचिन सके; युवाहरूको विदेश पलायन रोक्न सके, विदेशी बैङ्कमा पैसा राख्ने काम रोक्न सके त्यो देशको निम्ति फलदायी नै हुनेछ । कामको जिम्मेवारी बढाएर देश हितभन्दा कर्मचारीलाई सेवा सुविधा दिएर उनीहरू देश र जनताप्रति कसरी केन्द्रित हुन्छन् ?

# मार्क्सवादी सिद्धान्त र पर्यावरणीय सङ्कट

✍ इयान एङ्गस




*(इयान एङ्गसको पुस्तक 'मेटाबोलिक फाटो : पृथ्वी प्रणालीमा पुँजीवादको प्रहार' (Metabolic Rifts: Capitalism's Assault on the Earth System) 'मन्थली रिभ्यू' ले हालै प्रकाशित गर्‍यो । सोही पुस्तकको सेरोफेरोमा रहेर मार्टिन इम्पसनले लेखकसँग लिएको अन्तर्वार्ता यहाँ प्रकाशित गरिएको छ ।)*

**मार्टिन इम्पसन : तपाईंको नयाँ पुस्तक पुँजीवादले जन्माएका अनेक वातावरणीय सङ्कटमा केन्द्रित छ । कति घातक छ यो सङ्कट ?**

**इयान एङ्गस :** गत हिमयुगदेखि झन्डै १२ हजार वर्षसम्म पृथ्वीको माहोल मानव विकासको लागि सुहाउँदो रह्यो । यसले गर्दा कृषिको आविष्कार भयो; ठुला र जटिल समाजको विकास भयो । आज जुनसुकै हालतमा नाफा कमाउने पुँजीवादको लालसाले गर्दा वातावरण परिवर्तन भएको छ । यसले त्यो माहोल बिगारेको छ । शरीरभित्र रहने आत्मरक्षित रोगले शरीरमाथि आक्रमण गरेजस्तै पुँजीवादले आफैलाई पाल्ने पृथ्वीलाई धुजाधुजा पार्दै छ ।

वैज्ञानिकहरूले 'मानव जाति सुरक्षित रहन' का लागि नौवटा वातावरणीय सर्त पूरा हुनुपर्ने बताएका छन् । हरितगृह ग्यासको उत्सर्जनले हुने तापमान वृद्धि, समुद्रको अम्लीकरण, जैविक प्रजातिहरूको विलोपनलगायत सीमाहरू छन् । पृथ्वीलाई मानव बसोबासका लागि उपयुक्त बनाउने हो भने यी सीमाहरूलाई सम्मान गर्नुपर्छ ।

नौमध्ये आठ सीमाहरू आज नघिसकेको अवस्था छ । यीमध्ये कुनै पनि सीमा नाघेको अवस्थामा एउटा कुइनेटो (टिपिङ प्वाइन्ट) मा पुगिने र त्यहाँबाट फर्किन नसकिने कुरामा जानकारहरूले गम्भीर चासो देखाएका छन् ।

विश्वभरि स्थिति नाजुक छ र झन्झन् खस्किने अवस्था छ । एक दशकअघि वैज्ञानिकहरूले जे पूर्वानुमान गरेका थिए, त्यो भन्दा तीव्र बेगमा परिस्थिति फेरिँदै छ । यसको असर विश्वका सबैभन्दा गरिब जनताले भोग्नुपरेको छ । जब कि यो सङ्कट ल्याउनमा उनीहरूको भूमिका एकदम कम छ ।

चाँडै केही गरिएन भने विश्वको धेरै भूभाग बसोबास लायक रहनेछैन । पृथ्वीभरि नै प्राणीहरूलाई बाँच्न मुस्किल हुनेछ ।

**इम्पसन : तपाईंको विश्लेषणको मुटुमा कार्ल मार्क्सको 'मेटाबोलिक फाटो' को सिद्धान्त छ । आजका अभियन्ताहरूका लागि यसको सान्दर्भिक कति होला ?**

**एङ्गस :** मेटाबोलिक फाटोको सिद्धान्तले वातावरणीय सङ्कट बुझ्नका लागि अति आवश्यक खाका प्रदान गर्छ । पुँजीवादले किन र कसरी प्रकृतिविरुद्ध लगातार युद्ध गर्छ भन्ने कुरा उजागर गर्छ ।

प्राणी र प्राणी जीवन जोगाइराख्ने वातावरणीय सर्तहरू मेटाबोलिक चक्रमा निर्भर हुन्छन् । यी चक्रमा जीवनका लागि चाहिने अत्यावश्यक चीजबीजहरूको निरन्तर 'रिसाइकल' (पुनर्चक्रण वा नवीकरण) हुन्छ । उदाहरणका लागि, प्राकृतिक प्रक्रियाहरूमार्फत हाम्रो ग्रहले प्रत्येक वर्ष ३५० अर्ब टन कार्बन डाइअक्साइड फाल्ने र सोस्ने काम गर्छ । यसमा जीवजन्तु र बोटबिरुवा दुवैको श्वासप्रश्वास समेटिन्छ ।

लाखौँ वर्षसम्म उत्सर्जन र अवशोषण लगभग सन्तुलित अवस्थामा थियो । कार्बन चक्रले नै पृथ्वीमा जीवनको अस्तित्व सम्भव बनाउँछ । लगातार कार्बनको चक्र चल्छ । जीवनलाई चाहिने पदार्थ र ऊर्जाको प्रयोग र पुनः प्रयोग चलिरहन्छ ।

यो चक्रको विपरीत पुँजीवाद एकसुरे छ । नाफामा योगदान नदिने (प्रकृतिको) जुनसुकै हिस्सालाई बेवास्ता गरिन्छ, त्यसलाई पुनः 'रिसाइकल' गरिन्न । मार्क्सवादी दार्शनिक इस्तभान मेसजारोसले लेखेका थिए, "पुँजीवादले कति उन्नति गर्‍यो भन्ने मापन यसले कति धेरै फोहर पैदा गर्न र फाल्न सक्छ भन्ने कुरामा निर्भर हुन्छ ।"

पुँजी जीवाष्म इन्धनमा निर्भर छ र यसले फोहरका रूपमा कार्बन डाइअक्साइड पैदा गर्छ । प्राकृतिक प्रक्रियाहरूले सोस्नै नसक्ने मात्रामा यसले कार्बन उत्सर्जन गर्छ । वायुमण्डल र समुद्रमा यो ग्यासको रास लाग्छ । यसले पृथ्वीको तापमान बढाइदिन्छ भने प्रमुख खाद्यान्न बालीको पोषक तत्त्व घटाइदिन्छ ।

कार्बन चक्रमा विकराल फाटो आएको छ । प्रदूषण नगरी उत्पादन गर्न नसक्ने पुँजीवादको असमर्थताका कारण यो फाटो आएको हो ।

पुस्तकमा मैले 'मेटाबोलिक फाटो' को अवधारणाले कसरी हामीलाई वातावरणीय विनाशका कारणहरू बुझ्न र हाम्रो विश्वव्यापी सङ्कटलाई हल गर्ने बाटो पहिल्याउन सघाउँछ भनी चर्चा गरेको छु ।

**इम्पसन : पछिल्ला वैज्ञानिक अनुसन्धानहरूलाई प्रयोग गरेर मानव र प्रकृतिबिचको सम्बन्ध केलाउन तपाईंले मार्क्सवादी पद्धतिलाई अपनाउनुभएको छ । अन्य वैज्ञानिकहरूले वातावरणीय सङ्कटलाई कसरी हेरेका छन् ?**

**एङ्गस :** पहिलो कुरा, जलवायु सङ्कट बढिरहेको विषयमा वैज्ञानिकहरूबिच उति मतभेद छैन । कुनै पनि भरपर्दो वैज्ञानिकले विश्व तापमान वृद्धिलाई झूटो भन्दैन । यसको कारण उद्योग र कृषिले पैदा गर्ने हरितगृह ग्यासको उत्सर्जन हो । यसमा पनि वैज्ञानिकहरूको लगभग एकमत छ । 'पृथ्वी प्रणाली' को अवस्थाबारे पनि विज्ञान सटिक नै छ ।

उत्सर्जनलाई फटाफट घटाउनुपर्नेमा वैज्ञानिकहरूले जोडबल लगाउँदै आएका छन् । यसो गर्न नसके विनाशकारी परिणामहरू निस्किन सक्नेमा उनीहरूले खबरदारी पनि गर्दै छन् । धेरै वैज्ञानिकले आजभोलि जति बल लगाए पनि जलवायु परिवर्तनलाई रोकेर पहिलेको स्थितिमा फर्काउन नसकिने अवस्था आउन सक्ने चेतावनी दिएका छन् ।

धेरै वैज्ञानिकहरूको प्रस्तावमा छुटेको महत्त्वपूर्ण पाटो हो - राजनीतिक र सामाजिक परिवर्तनको स्पष्ट दृष्टिकोण (भिजन) । यसमा केही अपवाद पनि छन् । जस्तो, मौसमविद् केट मार्भलले हालै राष्ट्रपति ट्रम्प मौसम विज्ञानमाथि खनिएपछि 'नासा' बाट राजीनामा दिइन् । उनले लेखिन्, "हामीलाई एक यस्तो संसार चाहिन्छ, जहाँ मौसमसम्बन्धी निर्णय लिने शक्ति बहुराष्ट्रिय कम्पनी वा अर्बपतिहरूमा भन्दा जनताको हातमा हुन्छ ।"
यो दृष्टिकोणलाई आत्मसात गर्दै उनी र उनीजस्ता धेरै वैज्ञानिकले आन्दोलन उठाउन सघाउने आशा लिन सकिन्छ । मेरो विचारमा पर्यावरणमुखी समाजवादीहरूले वैज्ञानिकहरूलाई परिवर्तनकारी सिद्धान्तको पक्षमा तान्न कठोर मिहिनेत गर्नुपर्छ ।

**इम्पसन : क्रान्तिपछि सङ्कट तत्कालै नहट्ने बरु सुरु हुने तपाईंले तर्क गर्नुभएको छ । त्यतिबेला स्थिति कस्तो होला ?**

**एङ्गस :** समाजवादी आन्दोलनका संस्थापकहरू समाजवाद कस्तो होला भनी भविष्यवाणी गर्न अनिच्छुक हुनुहुन्थ्यो । कार्ल मार्क्सले 'भविष्यका भान्छेहरूका लागि पाकशास्त्रको किताब लेख्न चाहन्न' भन्नुभएको थियो । ठ्याक्कै यस्तो होला भनेर भन्न सकिन्न । त्यसैले विस्तृत निर्देशन पनि दिन सकिन्न ।

तर, नयाँ समाजले विरासतमा अत्यन्त चोटपटक लागेको ग्रह पाउने कुरा भने पक्का छ । अहिले नै पनि पछि फर्किन नसकिने गरी धेरै परिवर्तन भएका छन् । उदाहरणका लागि, हिमनदी र हिमपत्रहरू पग्लिने प्रक्रियालाई रोक्ने कुनै उपाय छैन । यसको अर्थ समुद्री सतह उकासिनेछ र तटीय सहरहरू अन्ततः आधा डुब्नेछन् ।
पुँजीवादको यो विध्वंस अझै पनि लामो समय चल्छ भने समस्याहरूको ठुलै चाङ लाग्नेछ । पुँजीवादले पुर्‍याएको क्षतिको भर्पाइ गर्न परिस्थिति अत्यन्त अनुकूल बनेपछि पनि दशकौँ लाग्नेछ ।

जर्मन समाजवादी वाल्टर बेन्जामिनको एउटा भनाइ निकै प्रसिद्ध छ । उनले भनेका थिए - वास्तविक क्रान्ति भनेको मानव जातिलाई विपत्तिको खाडलमा तानिरहेको पुँजीवादलाई रोक्न आपत्कालीन ब्रेक लगाउनुजस्तै हो । यस्तो स्थितिमा पर्यावरणका दृष्टिले सुरक्षित गन्तव्यमा पुर्‍याउने गरी रेलको बाटो फेर्नु नै एक क्रान्तिकारी समाजको प्रमुख कार्यभार बन्नुपर्छ ।

(एङ्गस क्यानडाका पर्यावरणवादी समाजवादी अभियन्ता हुन् । उनी 'क्लाइमेट एन्ड क्यापिटलिज्म' का सम्पादक हुन् । पर्यावरणलाई केन्द्र बनाएर उनले आधा दर्जनभन्दा बढी पुस्तक लेखका छन् । हालै मात्र 'मन्थली रिभ्यू प्रेस' ले उनको पुस्तक 'मेटाबोलिक रिफ्ट्स' प्रकाशित गरेको छ ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# हो चि मिन्हको 'जेल डायरी'

✍ सुरेन

भियतनामी जनताका नेता हो चि मिन्ह उपनिवेशवाद तथा साम्राज्यवादविरोधी योद्धाका रूपमा विश्वका न्यायप्रेमी तथा युद्धविरोधी जनता चिन्दछन् । भियतनामी जनताको मुक्तिका निम्ति उहाँको त्याग, तपस्या र बलिदान आज पनि त्यतिकै सम्झिन्छ । सरलता, सादा जीवन, देशप्रेम तथा जनताप्रतिको उहाँको भक्तिको गुणगान आज पनि चलिरहेकै छ । उहाँले दिनुभएको एक सच्चा क्रान्तिकारी र सच्चा कम्युनिस्टको परिचय आज पनि बेजोड मानिन्छ । विश्व साम्राज्यवादविरोधी आन्दोलन हो चि मिन्हको चर्चाबिना अपुरो अधुरो रहने निर्विवाद छ । होको आभाकै कारण भियतनाम आज विश्व समुदायमा तेजिलो बनेर उभिएको हो । भियतनाम र भियतनामी जनताले पाएको मुक्ति, स्वतन्त्रता, स्वाभिमान, प्रतिष्ठामा होको योगदान, मेहनतको सुगन्ध अद्यापि अनुभूत गर्न सकिन्छ ।

गत सेप्टेम्बर २ का दिन भियतनामी जनताले ७५ औँ स्वतन्त्रता तथा मुक्ति दिवस मनाए; होको ५० औँ स्मृतिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे । भियतनामी क्रान्ति, भियतनामी जनताको सङ्घर्ष र हो चि मिन्हको सम्झना गरिएका खबरहरू आइरहेका छन् । विभिन्न देशका नेताले भियतनामी जनतालाई बधाई दिए; नेता होको योगदान, व्यक्तित्वको स्मरण गरे । समाजवादी गणतन्त्र भियतनामको स्थापना सन् १९४५ को सेप्टेम्बर २ मा भएको थियो । *( होको निधन २ सेप्टेम्बर १९६९ मा भएको थियो ।)* क्युवाली नेता फिडेल क्यास्ट्रोले होप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको मृत्युपश्चात् पनि नयाँ बीउ र ऊर्जा बनेर अन्तिम विजयसम्म मार्गनिर्देश गरिरहने विश्वास व्यक्त गर्नुभएको आजको यो दिनसम्म पनि उल्लेख गर्न योग्य छ । होको भावना सदा जीवित रहने, क्रान्तिकारी परम्पराले निरन्तरता पाइरहने विश्वास धेरैले व्यक्त गरे ।

भियतनामको राष्ट्रिय महत्त्वको दिनको सेरोफेरोमा क्रान्तिकारी नेता हो चि मिन्हको 'जेल डायरी' (Prison Diary) बारे चर्चा गर्नु सान्दर्भिक होला !

हो चीनको सीमा पार गरी महत्त्वपूर्ण चिनियाँ अधिकारीहरूसँग गुप्त ढङ्गमा भेट्न जाने क्रममा सन् १९४२ को अगस्ट २९ को दिन चीनको क्वाङसीमा गिरफ्तारीमा पर्नुभयो । सन् १९४३ को सेप्टेम्बर १० का दिन झन्डै चौध महिनापछि उहाँ रिहा हुनुभयो । १४ महिनाको जेल बसाइँको क्रममा तयार भयो विश्वविख्यात कृति जेल डायरी । बन्दीगृहमा प्रहरीको आँखा छलेको अभियोग नलागोस् भनेर उहाँले चिनियाँ भाषामा लेख्न थाल्नुभएको थियो । भियतनामी भाषामा अनुवाद गरी सन् १९६० मा प्रकाशित भयो । त्यसपछि अङ्ग्रेजी, फ्रान्सेली, रसियाली, जर्मनियाली, हङ्गेरियाली, हिन्दी र अरू थुप्रै भाषामा प्रकाशित भयो । भियतनामी विदेशी भाषा प्रकाशन गृहले अङ्ग्रेजी भाषामा यस कृतिको चौधौँ संस्करण प्रकाशन गरिसकेको छ ।

एकजना दुब्लो पातलो मान्छे भियतनामको सीमा पार गरी चीनतिर लाग्दै थिए । उनी अत्यन्त सामान्य लुगामा थिए । उनीतिर कसैको किन ध्यान जान्थ्यो र ? तर, जब प्रहरीले त्यो अत्यन्त साधारण देखिने मान्छे भियतनामी जनताका प्रतिनिधिको नाताले चुङकिङमा एउटा महत्त्वपूर्ण भेटघाटका निम्ति जान लागेको थाहा पाए तब उनी साधारण व्यक्ति होइन भन्ने कुरा प्रहरीलाई पक्का भयो र पक्राउ गरे । सुरूमा चिङसी जेलमा कैद हुनुभयो भने तुरून्तै नानिङमा लगिनुभयो । त्यहाँबाट पनि क्विलिन र अन्तिममा लिउचाओको जेलमा सरूवा गरिनुभयो ।

एउटा जेलबाट अर्को जेलमा लगिँदाको अनुभूति उहाँले एउटा कवितामा व्यक्त गर्नुभयो । प्रहरीहरू एउटा सुँगुरलाई पालैपालो बोक्थे भने कैदी अर्थात् मान्छेलाई भने हात बाँधेर हिँडाउँदै थिए । यो तीखो व्यङ्ग्य, विरोधाभासलाई कवितामा प्रस्तुत गर्नुभयो । होका यी चार-चार लाइनका छोटा कविताले जेलभित्रको दैनिक भोगाइ र अनुभूतिलाई प्रस्तुत गर्दछ । सङ्क्षिप्तमा उहाँले प्रशस्त राख्नुभएको अनुभव हुन्छ । सरल भाषामा स्पष्ट सन्देश दिन, व्यङ्ग्य प्रहार गर्न र हँसाउनसमेत उहाँले मेहनत गर्नुभएको प्रस्ट छ ।

अर्को एउटा कवितामा उहाँले कैदीको जीवन भोगाइ प्रस्तुत गर्दै प्रश्न तेर्स्याउनुभयो । हात खुट्टा बाँधिएको छ भन्दैमा चरीले गाएका मिठा गीत र फूलहरूको सुगन्धको आनन्द लिन के कसैले छेक्न रोक्न सक्छ र ? यसप्रकार कम शब्दमा गम्भीर विषयमा गहिरो भाव तथा सन्देश दिनुभएको छ । यही नै होका कविताको विशेषता हो ।

जेलका कठोर जीवन, त्यो पनि पराइ भूमिमा, जन्मभूमिबाट निकै टाढा र आफ्ना कामरेडहरूबाट पनि टाढा होले आफ्नो थोत्रो भइसकेको कापीबाहेक सहारा या साथी कोही थिएनन् । त्यही कापीमा दैनिक अनुभव कवितामा उतार्न थाल्नुभयो ।

जम्माजम्मी सय वटा चार लाइनका यी कविताहरू एक राजनेता, क्रान्तिकारी योद्धा, कम्युनिस्ट नेताको सङ्क्षिप्त जीवन अनुभूति होभन्दा फरक नपर्ला । संस्मरण, इतिहासका पृष्ठहरूमा बरू केही झूट मिसिने सम्भावना हुनसक्छ तर यी कविताका पङ्क्ति वास्तविक अनुभवको सार भएको एक भियतनामी लेखक दाबी गर्छन् । लेखक फान न्हूयन दाबी गर्छन् - 'यो सानो डायरीले कुनै पनि विस्तृत आत्मसंस्मरणले भन्दा पनि बढ्ता प्रभावकारी ढङ्गमा रचनाकारलाई चिनाउन मद्दत पुऱ्याउँछ ।' होको जीवन खुला पुस्तकसरि भइसकेको बताउँदै लेखक फान भन्छन्, "हो चि मिन्हजस्ता नेताको जीवनमा सार्वजनिक र व्यक्तिगत जीवनको बिचमा कुनै किसिमको गोप्य ढोका छैन ।" उनी विश्वस्त हुँदै अगाडि भन्छन्, "कुनै पनि आत्मसंस्मरणका मोटा पुस्तकले भन्दा यो सानो डायरीले अझ बढी राम्रो ढङ्डमा चिनाउने छ ।"

होले कठोर यातना सहँदै कविता लेख्नुभयो । अनिद्रा, भोकप्यास, कठ्याङ्ग्रिने चिसो भुलेर कविता लेख्नुभयो । ठिँगुरा हालिँदासमेत कविता लेख्नुभयो । आत्मविश्वास, सच्चाइको विजयप्रति आशावादी हुनुभयो । अनुहारमा मुस्कान खाली भएन । शत्रुलाई 'यो बेग्लै धातुको मानिस' भन्न बाध्य पार्नुभयो । 'जेल डायरी' ले त्यही झझल्को दिन्छ । अत्यन्त प्रतिकूल परिस्थितिमा जन्मेको हुनाले पनि विश्वका धेरैधेरैले अभिरूचिपूर्वक पढे 'जेल डायरी' । यी कवितालाई क्वाट्रेन्स (Quatrains) र ताङ्ग कविता (Tang Poems) भनिन्छ ।

'जेल डायरी' को प्रथम कविता :

*यो शरीर जेलमा कैद छ*
*तर, यो भावना कैद गर्न असम्भव*
*एउटा महान् उद्देश्य हासिल गर्न*
*यो भावना सयर गरोस् माथि, अझ माथि ।*

दुनियाँका कुनै पनि तानाशाहले विचारलाई बन्धक बनाउन नसक्ने दाबी गर्नुहुन्छ, हो । अर्को कवितामा हो भन्नुहुन्छ -

*कविता वाचन मेरो सौखको विषय होइन*
*तर, झ्यालखानामा अरु के नै गर्न सक्छु र ?*
*यो लामो समय कविता लेखेरै बिताउँछु*
*कविता गाएरै स्वतन्त्रताको पर्खाइमा बस्नेछु ।*

प्रकृतिमा नियमित देखिने दृश्य, उतार-चढाव, वरपरका घटनासँग जोडेर स्वतन्त्रताप्रतिको आफ्नो विश्वास र न्यायको विजय सुनिश्चितताबारे आफ्नो अडान दर्साउनुभएको छ । जीवनलाई हेर्ने सकारात्मक कोण यत्रतत्र पाइन्छ । हास्य रस र व्यङ्ग्यको यथोचित सम्मिश्रणले उहाँका कविता जीवन्त बनाएको अनुभूत हुन्छ । प्रतीक र बिम्बहरूको प्रयोग हरेक कवितामा पाइन्छ । तर, ती वरपरबाट टिपिएका, दैनिक जीवनबाट लिइएका र अनुभवको सार प्रस्तुत गर्न प्रयोग भएका ! हो भन्नुहुन्छ -

*आकाशमा काला-सेता बादल स्वतन्त्र मडारिरहेछन्*
*यहाँ पृथ्वीमा स्वतन्त्र मानिस झ्यालखानामा कैद छ ।*

अर्को एउटा कवितामा उहाँ लेख्नुहुन्छ -

*पहाडमा मेरो बाघसँग जम्काभेट भयो तर केही भएन*
*बस्तीमा मानिससँग भेट भयो, म जेलमा जाकिएँ ।*

यसरी उहाँले समाजको विडम्बनापूर्ण स्थिति उदाङ्ग्याउनुभएको छ; व्यङ्ग्य वाण हान्नुभएको छ । भियतनामी देशभक्त जनताका एक प्रतिनिधिलाई विदेशी भूमिमा जेलमा कोचेर कस्तो आतिथ्य दिएको ? कस्तो स्वागत सत्कारको परम्परा ! उहाँ बडो रोचक घोचक तरिकाले आफ्नो विरोध दर्साउनुहुन्छ; आपत्ति जनाउनुहुन्छ ।

'जेलको खाना' शीर्षक कवितामा उहाँ लेख्नुहुन्छ :

*हरेक दिनको खानामा एक कचौरा रातो-खैरो झोल नै ।*
*न तरकारी, न नुन, न त थोरै झोल नै ।*

यस कवितामा दयनीय स्थिति उजागर गरिएको छ । उहाँले ठाउँ ठाउँमा भोक, प्यास र अमानवीय व्यवहारबारे वर्णन गर्नुभएको छ ।

'चन्द्रमाको उज्यालो' मा हो भन्नुहुन्छ -

*'...... झ्यालतिर गएर चन्द्रमाको उज्यालो हेर्छु*
*बारहरूलाई नाघेर चन्द्रमा कवितिर टोलाउँछ ।'*

उहाँको उच्च कल्पनाशीलता र जीवनप्रतिको सकारात्मक दृष्टिकोण यस कवितामा पनि प्रस्ट अनुभव गर्न सकिन्छ ।

एउटा कवितामा होले जेलमा दैनिक आधी बाल्टिन पानी मात्र उपलब्ध गराइने बताउनुहुन्छ । चिया पकाए मुख धुनलाई पानी नहुने र मुख धोए चिया पकाउन नपाइने भनी आफ्नो कारुणिक स्थितिबारे बताउनुभएको छ 'पानी राशन' कवितामा ।

एउटा कवितामा जेल सरूवा गर्न ५३ किमि हिँडाएर लखतरान भइसकेपछि सुत्ने ठाउँ नभएर शौचालयको छेवैमा सुताएको बताउनुहुन्छ । यसले उहाँको भोगाइ क्षमता अर्थात् सहनशीलता देखाउँछ । उहाँ 'आफैलाई सुझाव' कवितामा भन्नुहुन्छ -

*'चिसो र हिउँदको प्रतिकूलताबिना*
*वसन्तको न्यानोपन र सौन्दर्य असम्भव*
*दुर्भाग्यले मलाई सतायो त के भो*
*मेरो प्रतिबद्धता झन् बलियो बनाइदियो ।'*

एउटा कवितामा उहाँले हिउँदको चिसोमा समेत सिरक र डसना उपलब्ध नगराइएकाले अनिदै रात बिताउन बाध्य भएको कष्टपूर्ण रातबारे वर्णन गर्नुभएको छ । यद्यपि, उहाँले कहीँ कतै निराशाको छनक देखाउनुभएन । बरू उच्च मनोबलका साथ सामना गर्ने र सुन्दर भविष्यको अवश्यम्भावितामा अडिग भएर बस्ने धैर्य र साहस ठाउँ ठाउँमा अभिव्यक्त भएको पाइन्छ । त्यसकारण, हरेक शब्द शब्दमा उत्साह, ऊर्जा दौडिरहेको अनुभूत हुन्छ ।

हो चि मिन्ह खराबीमध्येमा महाखराबी स्वतन्त्रताको हननलाई मान्नुहुन्छ । एउटा सामान्य भालेले समेत नयाँ बिहानीका निम्ति बास्ने व्यावहारिक उदाहरण दिँदै सचेत मानवले शिक्षा लिन जरूरी भएको विचार राख्नुहुन्छ ।

'कैदी जुवाडेको मृत्यु' कवितामा आफूसँगै सुत्ने जुवाडे-कैदी भोक र कठ्याङ्ग्रिने चिसोका कारण हाड-मासु भएर मरेको क्षणको चित्रण गर्नुभएको छ । यो कविताले होको कष्टपूर्ण जेल जीवनबारे अनुमान लगाउन सहज बनाइदिन्छ ।

'एक साथीलाई सम्झँदा' कवितामा उहाँ लेख्नुहुन्छ -

*'त्यो दिन तिमी मसँगै नदी किनारमा पुग्यौ*
*'कहिले फर्कन्छौ ?' - 'धान पाकेपछि' ।*
*अहिले अर्को बाली लाउन खेत खनिँदै छ*
*म भने अझै पराइ भूमिमा कैदी जीवन भोग्दै छु ।'*

मानिसहरूलाई कठिनाइ, दु:ख, कष्टले नै परिपक्व, परिमार्जित र पराक्रमी बनाउने अनुभव सुनाउनुहुन्छ, हो । 'बिहानीको सूर्य' कवितामा कविको आशावादी दृष्टिकोणसँग साक्षात्कार गर्ने अवसर मिल्छ । उहाँ भन्नुहुन्छ -

*बिहानीको किरण झ्यालखानामा छिर्छ*
*धुवाँ हराउँछ, कुहिरो विलुप्त हुन्छ*
*जीवनको सासबाट आकाश ढाकिन्छ*
*र, कैदीहरूको अनुहारमा मुस्कान छाउँछ ।*

'भियतनाममा उथलपुथल' कवितामा आफूभित्रको विद्रोही मानिसलाई उभ्याउनुभएको छ, नेता होले । उहाँ प्रस्ट शब्दमा भन्नुहुन्छ -

*दासताभन्दा मृत्यु स्वीकार्य ! देशैभरि यही भावना*
*विद्रोहको झन्डा सगौरव फहरिरहेछ फेरि*
*अहो, यस्तो बखत कैदी हुनुपर्ने कति दु:खदायी !*
*युद्धमा होमिन मुक्त हुन पाएको भए !*

यस कविताबाट उहाँको विद्रोही मन, उद्देश्य परख गर्न सकिन्छ । सपना, विपना या जुनसुकै बेला किन नहोस् उहाँको एउटै मात्र उद्देश्य भियतनामको मुक्ति र भियतनामी जनताको स्वतन्त्रता थियो भन्ने बुझ्न यी केही शब्द नै पर्याप्त छन् ।

'कैदी भाग्न खोज्छ' कवितामा आफूमा 'स्वतन्त्रता' बाहेक अर्को सोच या अर्को उद्देश्य नभएको प्रस्ट पार्नुभएको छ । 'चार महिना बितेछ' कवितामा होले चार महिनासम्म जेलमा राम्ररी सुत्न नपाएको, चरम अभाव बेहोरेको, लुगा फेर्न र नुहाउन नपाएको उल्लेख गर्नुभएको छ । आफूलाई चार महिनाको कैदी जीवनले दस वर्ष बुढ्यौली थपेको अनुभव व्यक्त गर्नुभयो । तर, शारीरिक रूपमा कष्ट भए पनि विचार र भावनामा कुनै समस्या या कमजोरी पटक्कै नआएको पनि प्रस्ट्याउनुभयो ।

प्रकृतिमा आउने मौसम परिवर्तनले कैदीको दैनिक जीवनमा खासै फेरबदल नल्याउने बरू उसले एउटै कुरा मनमा राख्छ, त्यो हो स्वतन्त्रता । यही भाव 'शरद्को प्रभाव' मा कविजीले व्यक्त गर्नुभएको छ अर्थात् जेलमुक्त हुने दिनमा लेखिएको कविता अन्तिमतिरको कवितामा हो भन्नुहुन्छ -


*'हर्षले मानिसको मन गद्गद् हुन्छ र ब्रह्माण्ड पनि*
*तीतो पछि मिठो आउँछ, प्रकृतिको नियम यही हो नि ।'*

'जेल डायरी' ले विश्व साहित्यमा बेग्लै महत्त्व राख्दछ । एक साम्राज्यवादविरोधी जोधाहाका रचनाहरू कठोर जेल जीवनमा कोरिएका आत्मपरक पङ्क्तिहरू, लड्दालड्दै रगतले लेखिएका मुक्ति र स्वतन्त्रताका गीतहरू ! एक मुक्तियोद्धा, स्वतन्त्रताका सिपाहीले बाहेक मुक्ति र स्वतन्त्रताको गीत लेख्ने, गीत गाउने अरू कसलाई पहिलो अधिकार होला ? ती गीतमा जति सौन्दर्यको रसास्वादन अरू कुन चाहिँमा गर्न सकिएला ? यी कविता कठोर क्षणमा जन्मेका कोमल कुसुम भन्नु उपयुक्त होला ! झन्डै आठ दशक अगाडि लेखिएका यी पङ्क्ति हिजोआजकै प्रतीत हुन्छ ।

वीर भियतनामी जनताले फ्रान्सेली उपनिवेशवाद, जापानी उपनिवेशवाद र संरा अमेरिकी साम्राज्यवादविरूद्ध लडेका लडाइँको इतिहास बुझ्न 'जेल डायरी' ले मद्दत पुऱ्याउँछ । होको सङ्घर्षशील व्यक्तित्व, सरल जीवनशैली, उद्देश्यप्रतिको दृढता, समर्पणभाव, धैर्य र सृजनशीलताबारे बुझ्न नपढी नहुने एउटा कृति हो - जेल डायरी । यस पुस्तकको भियतनामी मूल्य ९० हजार पर्छ भन्दा धेरैलाई आश्चर्य लाग्ला ! कविताहरू अङ्ग्रेजी, चिनियाँ र भियतनामी तीनवटै भाषामा दिइनाले धेरैभन्दा धेरै विदेशी पाठकहरूले समेत सहज अनुभव गर्नेछन् ।

***स्रोत : बाल विकास स्मारिका - २०८२***








समाजवादी गणतन्त्र क्युवाको निम्ति गणतन्त्र चीन, कम्युनिस्ट पार्टी र जनताले क्युवाको राजधानी हवानाको बन्दरगाहमा पुऱ्याएको १५ हजार मेट्रिक टन चामल मे २५, २०२६ का दिन । अमेरिकी साम्राज्यवादले क्युवाविरुद्ध आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाइरहँदा चीन र रुसलगायत देशहरूले क्युवालाई सहयोग पुऱ्याइरहेका छन् ।

*तस्विर : ग्रान्मा*

# श्रीलङ्कामा मुद्रास्फीति नियन्त्रण गर्न ब्याज दर समायोजन

कोलम्बो (श्रलङ्का), १२ जेठ (एएफपी) । श्रीलङ्काको केन्द्रीय बैङ्कले उच्च मुद्रास्फीति र मध्य पूर्व युद्धले उत्पन्न गरेको आर्थिक अस्थिरताको बिचमा मङ्गलबार तीन वर्ष भन्दा लामो समय पछि पहिलो पटक ब्याज दर समायोजन गरेको छ ।

द्वन्द्वले घरेलु मूल्य र स्थिरतामा नकारात्मक प्रभाव पारेको भन्दै बैङ्कले ब्याज दर १०० आधार अङ्कले बढाएर ८.७५ प्रतिशत बनाएको जनाएको छ ।

गत फेब्रुअरीको अन्त्यमा सुरु भएको मध्यपूर्व युद्धले तेल र ग्याँस लगायतका अत्यावश्यक सामान आयात गर्ने होर्मुज जलमार्गलाई प्रभावकारी रूपमा बन्द गरेको छ, जसले ऊर्जाको मूल्यसँगै विश्वव्यापी मुद्रास्फीति बढाएको छ ।

मध्यपूर्वमा बढेको तनावबाट उत्पन्न अनिश्चितताले विश्वव्यापी रूपमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनुका साथै घरेलु अर्थतन्त्रलाई प्रतिकूल असर पारेको श्रीलङ्काको केन्द्रीय बैङ्कले उल्लेख गरेको छ ।

श्रीलङ्काको मुद्रास्फीति अप्रिलमा दोब्बर भन्दा बढीले बढेर ५.४ प्रतिशत पुगेको छ, जुन केन्द्रीय बैङ्कले सन् २०२६ लागि कायम गरेको ५ प्रतिशतको लक्ष्यभन्दा बढी हो ।

यसैबिच मुद्राको मुल्य सन् २०२६ को सुरु देखि अमेरिकी डलरको तुलनामा सात प्रतिशत भन्दा बढीले घटेको बैङ्कले जनाएको छ ।

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि श्रीलङ्का सरकारले ऊर्जाको मूल्य एक तिहाइभन्दा बढीले बढाएको छ भने इन्धन र बिजुलीको शुल्कमा तीव्र वृद्धि गरेको छ ।

श्रीलङ्काले यस हप्ताको अन्त्यमा आईएमएफबाट करिब ७० करोड डलर प्राप्त गर्ने अपेक्षा गरिएको छ । जुन श्रीलङ्कामा उत्पन्न भएको आर्थिक सङ्कटको अवस्थामा सन् २०२३ को सुरुमा सहमति भएको रकमको बाँकी किस्ता हो ।

गत वर्षको अन्त्यमा आएको चक्रवातले श्रीलङ्कामा ६४३ जनाको मृत्यु भएको थियो भने १० प्रतिशतभन्दा बढी जनसङ्ख्या प्रभावित भएको थियो ।

विश्व बैङ्कका अनुसार आँधीले श्रलङ्कामा ४.१ अर्ब डलरको भौतिक क्षति पुऱ्याएको छ ।

# लामर्ड आक्रमण विवाद : इरानको कडा आरोप

तेहरान, १२ जेठ (एएनआई) । फार्स प्रान्तको लामर्डस्थित एक खेलकुद हलमा कथित क्षेप्यास्त्र आक्रमणपछि २४ जना सर्वसाधारणको मृत्यु भएको घटनालाई लिएर इरानले संयुक्त राज्य अमेरिकामाथि ‘घृणित युद्ध अपराध’ गरेको गम्भीर आरोप लगाएको छ ।

इरानको विदेश मन्त्रालयले यो घटना सामान्य सैन्य कारबाही नभई नागरिक लक्षित योजनाबद्ध आक्रमण भएको दाबी गरेको छ, जसमा किशोर भलिबल खेलाडी र दुई वर्षीया बालिकासहित ठुलो सङ्ख्यामा सर्वसाधारणको ज्यान गएको उल्लेख गरिएको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले मङ्गलबार सार्वजनिक गरेको धारणा अनुसार लामर्डको आवासीय क्षेत्र र खेलकुद हललाई लक्षित गरी अमेरिकी मिसाइल आक्रमण गरिएको थियो । उहाँका अनुसार यो घटनामा २४ जनाको मृत्यु हुनुका साथै १३० भन्दा बढी व्यक्ति घाइते भएका छन् । तीमध्ये धेरैको अवस्था दीर्घकालीन अपाङ्गतासम्म पुगेको छ ।

प्रवक्ता बाघाईले आफ्नो भनाइलाई सामाजिक सञ्जाल प्लेटफर्म ‘एक्स’ मार्फत सार्वजनिक गर्दै आफूलाई मेहर क्षेत्रका लागि इरानी संसद् सदस्य मौसा मौसवीले घटनाबारे जानकारी दिएको उल्लेख गर्नुभएको छ । उहाँका अनुसार घटनालाई ‘विनाशकारी अमेरिकी मिसाइल आक्रमण’ का रूपमा वर्णन गरिएको छ, जसले आवासीय क्षेत्रसँगै खेलकुद हललाई समेत क्षति पुऱ्याएको दाबी गरिएको छ ।

इरानी पक्षले घटनाको समय र प्रयोग गरिएको भनिएको हतियारबारे समेत विस्तृत विवरण प्रस्तुत गरेको छ । बाघाईका अनुसार शनिबार दिउँसो ९ एस्फान्ड १४०४ (२८ फेब्रुअरी २०२६) मा मिनाबको शजारेह-तैयियबेह विद्यालयका विद्यार्थीहरूसँग सम्बन्धित घटनासँगै लामर्डको आवासीय क्षेत्रमा पनि आक्रमण गरिएको थियो । उहाँले उक्त आक्रमणमा टोमहाक मिसाइल र अमेरिकी प्रेसिजन स्ट्राइक मिसाइल (पिआरएसएम) प्रयोग गरिएको दाबी गर्नुभयो ।

उहाँका अनुसार उक्त क्षेप्यास्त्रले प्रहार हुनुअघि हावामै विस्फोट भएर हजारौँ उच्च गतिका टङ्स्टन पेलेटहरू फैलाएको थियो, जसले वरपरको क्षेत्रमा व्यापक विनाश निम्त्याएको बताइएको छ । बाघाईले यस प्रकारको विस्फोटले ‘हरेक दिशामा घातक क्षति पुऱ्याएको’ दाबी गर्दै यसलाई अत्यन्त विनाशकारी प्रविधि प्रयोग गरिएको आक्रमणका रूपमा चित्रित गर्नुभयो ।

इरानी विदेश मन्त्रालयका प्रवक्ताले घटनालाई कुनै त्रुटि वा आकस्मिक क्षति नभई योजनाबद्ध निर्णयको परिणाम भएको आरोप लगाउनुभयो । उहाँका अनुसार, ‘यो गल्ती होइन, इरानी नागरिकमाथि नयाँ हतियार प्रणालीको विनाशकारी शक्ति परीक्षण गर्ने सोचविचार गरिएको निर्णय हो ।’ उहाँले यसलाई स्पष्ट रूपमा ‘गणना गरिएको युद्ध अपराध’ भन्दै कडा शब्दमा निन्दा गर्नुभयो ।

प्रवक्ता बाघाईले आक्रमणका लागि जिम्मेवार व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय कानुनअनुसार जवाफदेही बनाउनुपर्ने मागसमेत गर्नुभयो । उहाँले यस्तो कार्य कुनै पनि सक्षम अन्तर्राष्ट्रिय अदालतमा छानबिन र कारबाहीको विषय बन्नुपर्ने बताउनुभयो ।

उहाँले इरानी नागरिकको मृत्यु र क्षतिलाई सम्बोधन गर्दै ती घटनालाई राष्ट्रले कहिल्यै नबिर्सने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, “इरानी राष्ट्रले आफ्ना शहीद छोरा र छोरीहरूलाई कहिल्यै भुल्ने छैन । हामी यो अपराध न बिर्सनेछौँ, न क्षमा गर्नेछौँ ।”

यसबिच बाघाईले अघिल्लो सामाजिक सञ्जाल पोस्टलाई पनि उद्धृत गर्दै लामर्ड घटनासँग सम्बन्धित मिसाइल प्रयोगको विषय पुनः उठाउनुभएको छ । उहाँका अनुसार अप्रिल २ मा गरिएको पोस्टमा पनि अमेरिकी पिआरएसएम मिसाइलको प्रयोग र यसको परीक्षणलाई उल्लेख गरिएको थियो ।

उहाँले लामर्ड घटनामा प्रयोग भएको भनिएको मिसाइल प्रणालीको ‘पहिलो लडाइँ प्रयोग’ २८ फेब्रुअरी २०२६ मा भएको दाबी गर्नुभएको छ । उहाँका अनुसार उक्त मिसाइलले आवासीय क्षेत्रमा रहेको भीडभाडयुक्त खेलकुद हललाई लक्षित गरेको थियो, जहाँ धेरै किशोरकिशोरीहरू उपस्थित थिए ।

इरानी पक्षको दाबीअनुसार उक्त आक्रमणमा २१ जना युवा बालबालिकाको मृत्यु भएको थियो र मिसाइलले लक्ष्यभन्दा माथि विस्फोट भएर ठुलो सङ्ख्यामा घातक टुक्रा फैलाएको थियो, जसले मानव क्षतिलाई अझ बढाएको उल्लेख गरिएको छ ।

बाघाईले आक्रमणलाई पुनः एकपटक ‘घृणित युद्ध अपराध’ भन्दै कडा शब्दमा निन्दा गर्नुभयो । उहाँले आफ्नो पोस्टमा सिरियाली कवि घादा अल-सम्मानको उद्धरणसमेत समावेश गर्दै, निरन्तर बोलिरहने र मौन नबस्ने प्रवृत्तिबारे टिप्पणी गर्नुभयो । यसलाई उहाँले घटनाप्रतिको प्रतीकात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गर्नुभएको छ ।

इरानले यस घटनापछि अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै दोषी पक्षमाथि कारबाहीको माग गरेको छ । तर अमेरिकी पक्षबाट यस आरोपबारे तत्काल कुनै औपचारिक प्रतिक्रिया सार्वजनिक नभएको बताइएको छ ।


## हार्दिक समवेदना



जन्म: २००४ मङ्सिर
निधन: २०८३/०२/१०

यस संस्थाका सचिव सत्यराम ज्ञामरु, सञ्चालक समितिका सदस्य चम्पा बोहजु एवं महिला उपसमितिका सदस्य मिनु कोजुका पूजनीय पिता तथा सदस्य नं. ३२३ का **कृष्ण ज्ञामरु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्री गुरू गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर-९, चोफल


# अमेरिकी आक्रमणबिच इरान सम्झौता वार्ता पेचिलो

वासिङ्टन, १२ जेठ (एपी) । अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि ‘आत्मरक्षात्मक’ सैन्य कारबाही गरेको जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता ‘सकारात्मक ढङ्गले अघि बढिरहेको’ दाबी गरिरहेकै बेला अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि ‘आत्मरक्षात्मक’ सैन्य कारबाही गरेको जनाएको छ । यसले युद्धविरामको नाजुक अवस्थाबिच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अघि बढिरहेको सङ्केत गरेको छ ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण ‘इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न’ गरिएको हो । उहाँले अमेरिकी पक्षले जारी युद्धविरामको अवधिमा संयम अपनाइरहेको दाबी पनि गर्नुभयो । यद्यपि, इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन ।

घटनाबारे इरानले औपचारिक प्रतिक्रिया दिएको छैन । यद्यपि, तेहरानले अमेरिकासँग सम्भावित सहमतिबारे जारी छलफलका लागि आफ्नो संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफलाई कतार पठाएको छ । युद्धका क्रममा इरानी आक्रमणको दबाब खेपेको कतारले इरानसँग सम्बन्धित अर्बौं डलर रकम आफ्ना वित्तीय संयन्त्रमार्फत व्यवस्थापन गर्दै आएको पृष्ठभूमिमा यो संवादलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

इरानभित्र भने घटनाको प्रभाव देखिन थालेको छ । पूर्व रिभोलुसनरी गार्ड प्रमुख मोहसेन रेजाईसँग निकट मानिने समाचार वेबसाइट तबनाकले अमेरिकी कारबाहीमा चारजना गार्ड सैनिक मारिएको जनाएको छ । उता, इरानी सरकारी टेलिभिजनले हर्मुज जलघाँटी क्षेत्रअन्तर्गत पर्ने बन्दर अब्बास आसपासको सैन्य बन्दरगाह र दोहोरो प्रयोजनका विमानस्थल वरपर विस्फोट भएको खबर दिएको छ ।

यी घटनाले एक सातादेखि कायम युद्धविरामलाई पुनः अस्थिर बनाउने खतरा बढाएको छ । विश्व ऊर्जा आपूर्तिको दृष्टिले संवेदनशील मानिने हर्मुज जलघाँटी अझै पनि इरानको प्रभाव क्षेत्रमा रहेको मानिन्छ । विश्वभर कारोबार हुने कच्चा तेल र प्राकृतिक ग्यासको ठुलो हिस्सा यही मार्गबाट ओहोरदोहोर हुने भएकाले त्यहाँको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने चिन्ता कायम छ ।

यता ट्रम्पले इरानसँग सम्भावित सहमतिको दायरालाई थप फराकिलो बनाउन खोज्नुभएको देखिएको छ । उहाँले इरान युद्ध अन्त्य गर्ने कुनै पनि सम्भावित सम्झौतामा साउदी अरेबिया, पाकिस्तानलगायत थप देशहरूलाई पनि ‘अब्राहम सम्झौता’ मा सहभागी गराउनुपर्ने प्रस्ताव अघि सार्नुभएको छ । ट्रम्प प्रशासनको पहिलो कार्यकालमा सुरु गरिएको यो अमेरिकी मध्यस्थतामा आधारित पहलको उद्देश्य इजरायलसँग सम्बन्ध सामान्यीकरण गर्नु थियो ।

यो प्रस्ताव ट्रम्पमाथि आफ्नै रिपब्लिकन वृत्तभित्रबाट बढिरहेको दबाबकाबिच आएको हो । इरानप्रति अपेक्षाकृत कडा नीति चाहने समूहले सम्भावित सम्झौतामाथि असन्तुष्टि जनाइरहेका बेला ट्रम्पले वार्तालाई क्षेत्रीय कूटनीतिक ढाँचासँग जोड्ने प्रयास गरेका देखिन्छ । उनले साउदी अरेबिया र कतारलाई ‘तत्काल हस्ताक्षर गर्नुपर्ने’ मुलुकका रूपमा उल्लेख गरेका छन् ।

यसअघि सन् २०२० मा बहराइन र संयुक्त अरब इमिरेट्सले अब्राहम सम्झौतामार्फत इजरायललाई औपचारिक कूटनीतिक मान्यता दिएका थिए ।

तर यो अवधारणा व्यवहारमा उतार्न सहज देखिँदैन । साउदी अरेबियाले दशकौँदेखि इजरायललाई सन् १९६७ अघिको सीमामा फर्किन, पूर्वी जेरुसेलमलाई राजधानी मानेर स्वतन्त्र प्यालेस्टिनी राज्य गठनलाई स्वीकार गर्न आग्रह गर्दै आएको छ । गाजा क्षेत्रमा हमासविरुद्ध इजरायलले अपनाएको सैन्य रणनीतिले खाडी मुलुकहरू र व्यापक मुस्लिम विश्वमा आलोचना बढाएको सन्दर्भले पनि यस्तो पहललाई थप जटिल बनाएको छ ।

पाकिस्तानको सन्दर्भमा पनि प्रश्न उस्तै संवेदनशील छ । प्यालेस्टिनी राज्यको मान्यता इस्लामावादका लागि दीर्घकालीन नीतिगत मुद्दा हो । पाकिस्तान इजरायलसँग औपचारिक कूटनीतिक सम्बन्ध नराख्ने देशमध्ये पर्दछ । इस्लामावादस्थित विश्लेषक सैयद मोहम्मद अलीका अनुसार ट्रम्पको पछिल्लो प्रस्तावका बाबजुद पाकिस्तानको इजरायलप्रतिको आधारभूत नीति अपरिवर्तित रहेको छ ।

अमेरिकाका लागि पाकिस्तानका पूर्वराजदूत मसूद खानले ट्रम्पको सूचीमा समेटिएका देशहरूका लागि यस्तो प्रस्ताव व्यावहारिक रूपमा कति सम्भव छ भन्ने अझै खुला प्रश्न रहेको बताउनुभयो । उहाँका अनुसार अब्राहम सम्झौतालाई अचानक वार्ताको एजेन्डामा ल्याइनुले चलिरहेको मध्यस्थता र कूटनीतिक प्रक्रियामा नयाँ तहको जटिलता थपेको छ । उहाँले यसलाई ट्रम्पले भोगिरहनुभएको आन्तरिक राजनीतिक दबाबसँग पनि जोड्नुभएको छ ।

यद्यपि, मसूद खानका अनुसार कूटनीतिक संवाद पूर्ण रूपमा अवरुद्ध भएको छैन । उहाँले क्षेत्रीय मुलुकहरूको समर्थनसहित पाकिस्तान अहिलेको प्रक्रियाको केन्द्रभागमा रहेको दाबी गर्नुभयो ।

इरानसँग सम्भावित सहमति कहिले, कुन स्वरूपमा वा कुन सर्तमा निष्कर्षमा पुग्न सक्छ भन्ने अझै स्पष्ट छैन ।

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकी प्रभावमा विकसित अब्राहम सम्झौताहरू कूटनीतिक, आर्थिक र सुरक्षा सहकार्यको बहुआयामिक ढाँचा मानिन्छन् । यसमा सुडान, मोरक्को तथा पछिल्लो चरणमा कजाकिस्तानसमेत जोडिएको उल्लेख गरिएको छ ।

# बौद्ध सजगता : तनाव व्यवस्थापनको वैज्ञानिक उपाय

✍ भरत केसी

लुम्बिनी । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सन् २०२१ मा प्रकाशित तथ्याङ्क अनुसार विश्वमा एक अर्बभन्दा बढी मानिस पागलपन, डिप्रेसन, चिन्ता, वाइपोलार डिसअर्डर, हाइपर एक्टिभिटीजस्ता कुनै न कुनै मानसिक समस्याका साथ गुज्रिरहेका छन् । यो सङ्ख्या विश्वको कुल १४ प्रतिशत हुन आउँछ । यसमा पनि पुरुष (पुरुष १३ प्रतिशत) भन्दा महिलाको सङ्ख्या (१४.८ प्रतिशत) बढी रहेको देखिन्छ । यस्तो समस्या नेपालमा पनि डरलाग्दो तरिकाले बढ्दै गएको देखिन्छ । डब्लुएचओले नेपालमा करीब २२ लाख व्यक्ति विभिन्न मानसिक स्वास्थ्य समस्याबाट प्रभावित रहेको प्रक्षेपण गरेको छ । सङ्गठनका अनुसार चारमध्ये एक युवा र पाँचमध्ये एक बालबालिका कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट पीडित छन् ।

मानव समाजमा रहेको तीव्र अस्वस्थ प्रतिस्पर्धा, अव्यवस्थित जीवनशैली, आर्थिक, सामाजिक असुरक्षा, सामाजिक दबाब तथा व्यक्तिगत सम्बन्धहरूमा देखिने असहमतिजस्ता समस्याका कारण समाज हरेक खालका मानसिक समस्याले ग्रसित छ । मानिसमा अनावश्यक महत्त्वाकाङ्क्षा, आधुनिकीकरणको सामाजिक प्रभाव, आर्थिक लाभका लागि मानिसले अपनाउने उपायहरू, लागुऔषध दुर्व्यसनी, यौन हिंसा, सामाजिक हिंसा, विभेदजस्ता सामाजिक हितविरुद्धका कार्यले मानव समाजलाई नकारात्मक बाटोतर्फ डोऱ्याउँदै लगेको पाइन्छ । परिणामस्वरूप मानिसहरूमा दिन प्रतिदिन मानसिक तनाव, चिन्ता, अवसादजस्ता मानसिक समस्या तीव्र रूपमा बढिरहेका छन् ।

डब्लुएचओका अनुसार मानसिक स्वास्थ्य आजको प्रमुख चुनौतीको रूपमा देखापरेको छ । यस्तो मानसिक स्वास्थ्यको चुनौतीलाई न्यूनीकरण गर्न र मानव समाजलाई सकारात्मक दिसातर्फ अगाडि बढाउन पूर्वीय दर्शन विशेषगरी बौद्ध दर्शनले प्रस्तुत गर्ने मनको सजगताको अवधारणाले प्रभावकारी मार्ग प्रस्तुत गर्दछ । बौद्ध सजगताका सिद्धान्तहरूले आधुनिक संसारमा कसरी प्रभावकारी रूपमा तनाव कम गर्न र समग्र कल्याणलाई बढावा दिन सक्छन् भन्ने बताउँछ । बौद्ध शिक्षाहरूमा आधारित सचेतना अभ्यास आधुनिक समाजमा परेको प्रभावलाई परीक्षण गर्दै, तनाव व्यवस्थापन, भावनात्मक नियमन र सामान्य स्वास्थ्यका लागि प्रभावकारी काम गरेको विभिन्न अध्ययनले पुष्टि गरेको छ । बौद्ध दर्शनमा प्रस्तुत मनको सजगताले प्राचीन पूर्वीय ज्ञान र आधुनिक पश्चिमी विज्ञानको मिलनले आधुनिक जीवनको व्यस्तता र मानसिक तनाव व्यवस्थापनमा एक शक्तिशाली आधार प्रदान गरेको छ ।

**बौद्ध दर्शनमा मनको सर्वोच्च स्थान**

बौद्ध दर्शनमा मन सजगताको दृष्टिकोणबाट आधुनिक मनोवैज्ञानिक तनावको समाधानलाई बुझ्न सकिन्छ । बौद्ध दर्शनमा मन अथवा चित्तको विशेष महत्त्व छ । बुद्ध स्वयंले भनेका छन् "संसार त्यो हो जो हामीले आफ्नो मनमा देख्ने गर्छौं ।" धम्मपदको प्रथम पदमा लेखिएको छ, "सबै कुराभन्दा अघि मन हुन्छ, सबै कुरालाई मनले डोऱ्याएर लान्छ, सबै कुरालाई मनले बनाउने गर्छ ।" बौद्ध धर्ममा मनलाई सबै कुरा बुझ्ने र अनुभव गर्ने मुख्य आधार मानिन्छ । आजको आधुनिक समाजमा मानिसहरूको जीवनशैली अत्यन्त व्यस्त र प्रतिस्पर्धात्मक बनेको छ । अहिलेको यो प्रतिस्पर्धात्मक समाजमा मानिसहरू धेरै तनाव, चिन्ता र मानसिक दबाबमा जीवन व्यथित गरिरहेका छन् । कामको दबाब, आर्थिक चिन्ता, सामाजिक अपेक्षा र व्यक्तिगत समस्याहरूका कारण धेरै मानिसहरू मानसिक तनाव, चिन्ता र अवसाद (डिप्रेसन) जस्ता समस्याबाट जुधिरहेका छन् ।

मानिसको जीवन अहिले यति धेरै व्यस्ततामा बितेको छ कि समय निकालेर एकछिन पनि आफ्नो समाज, परिवार र सन्ततिका विषयमा सोच्ने फुर्सद पनि हुँदैन । अनि ऊ समाज, परिवार, आफन्त र सन्ततिबाट बिस्तारै टाढिँदै गएको पत्तै पाउँदैन । जतिबेला उसले यस विषयको महसुस गर्छ परिस्थिति धेरै फरक भइसकेको हुन्छ । अनि उसमा तनाव, चिन्ताको अवस्था बढ्दै मानसिक समस्यामा पुग्दछ । मानिसमा एन्जाइटी, डिप्रेसनलगायतका अनेकन मानसिक समस्या उत्पन्न हुन्छ ।

आधुनिक समाजमा तनावको प्रमुख कारण मानिसमा भविष्यको चिन्ता र विगतमा गरिएका क्रियाकलाप या विगतमा गर्न नसकेका काममा अनावश्यक पछुतो हो । मानिसले विगतका गरेका क्रियाकलाप न त पछुतो मानेर सुधार्न सक्छ न विगतमा गर्न नसकेका कामलाई पूरा गर्न सक्छ । तर, मानिसहरू प्रायः वर्तमान जीवनलाई कसरी सकारात्मक र सुन्दर बनाउने नभई या त विगतका घटनामा अल्झिएका हुन्छन् वा भविष्यको अनिश्चितबारे चिन्तित हुन्छन् ।

आधुनिक समाजमा तनावपूर्ण जीवन व्यतित गरिरहेका मानिसलाई सजगताका माध्यमबाट तनाव, चिन्ता र मानसिक दबाबबाट मुक्त हुने सजगताको अभ्यास उत्तम रहेको कुरा बौद्ध दर्शनमा उल्लेख छ । सजगताको अभ्यासले मानिसलाई वर्तमान क्षणमा केन्द्रित गराउँछ, जसले अनावश्यक चिन्ता र तनाव कम गर्न मद्दत गर्दछ । यस्तो अभ्यासले जीवनलाई कसरी सकारात्मक र सुन्दर बनाउने भन्ने मार्गनिर्देश गर्दछ ।

सजगता कुनै नयाँ फेसन वा केवल उपचार विधि होइन । यो हजारौं वर्षदेखि विकसित भएको चेतनाको अनुशासन हो । यसले मानिसलाई प्रतिक्रियात्मक जीवनबाट उत्तरदायी र सचेत जीवनतर्फ डोऱ्याउँछ । आधुनिक विज्ञानले यसको उपयोगितालाई प्रमाणित गरेको छ, तर यसको पूर्ण अर्थ तब मात्र प्रकट हुन्छ जब यसलाई नैतिकता, विवेक र आत्मबोधसँग जोडेर बुझिन्छ । यसैले सजगता भनेको पूर्वीय दर्शन र आधुनिक विज्ञानबिचको एक सशक्त सेतु हो, यसले मानिसलाई बाह्य प्रगति र आन्तरिक परिपक्वताको सन्तुलन कायम राख्ने मार्गमा डोऱ्याउँछ ।

**सजगता वा सम्यक स्मृति**

बौद्ध दर्शनका अनुसार सजगता भनेको वर्तमान क्षणमा बिना कुनै निर्णय आफ्नो विचार, भावना, शारीरिक संवेदना र वरपरको वातावरणप्रति पूर्ण सचेतता राख्नु हो । यो ध्यानको एक प्रकार मात्र नभएर बरु जीवन जिउने एउटा उत्तम तरिका हो । बुद्ध दर्शनमा सजगता आर्य अष्टाङ्गिक मार्गको एक आधारस्तम्भ हो, जसलाई सम्यक स्मृति भनिन्छ । सतिपट्ठान सुत्तमा सजगताका चार आधार तय गरिएको छ । यसलाई विपश्यनाका आधार पनि मान्न सकिन्छ । यिनको सजगतापूर्वक अवलोकन नै दुःख निवृत्तिको प्रत्यक्ष मार्गका रूपमा वर्णन गरिएको छ । बौद्ध दर्शनमा सजगतालाई चार प्रमुख प्रकारका रूपमा उल्लेख गरिएको छ ।

**१. कायानुपस्सना :**

आफ्नो शरीरलाई बुझ्ने । आफ्नो शरीरका हरेक क्रियाकलापहरू (जस्तैः श्वासप्रश्वास, हिँडडुल, बसाइँ, उठाई) प्रति पूर्णरूपमा सजग रहनु नै कायानुपस्सना हो ।

**२. वेदनानुपस्सना :**

यसले वेदना अर्थात् शरीर र मनमा उत्पन्न हुने सुखद, दुःखद वा उदासीन वेदनाहरूमा आसक्ति नराखी तटस्थ भएर नियाल्नुपर्ने कुराको वकालत गर्दछ ।

**३. चित्तानुपस्सना :**

मनको अवस्थालाई सङ्केत गर्दछ । आफ्नो मनको वर्तमान अवस्था कस्तो छ (जस्तैः मनमा क्रोध छ कि शान्ति, चञ्चलता छ कि एकाग्रता) भनी स्पष्ट रूपमा चिन्नु र होस् राख्नु नै चित्तानुपस्सना हो ।

**४. धम्मानुपस्सना :**

यसअन्तर्गत धम्म तत्त्व निरीक्षण पर्दछन् । मनमा आउने विचारहरू, पञ्च विकार र चार आर्य सत्यजस्ता आध्यात्मिक सत्यहरूलाई प्रज्ञा र विवेकका साथ बुझ्नु नै धम्मानुपस्सना हो ।

पूर्वीय दर्शनमा मनको सजगताको लक्ष्य मुक्तिक र आत्मबोध हो, जबकि आधुनिक विज्ञानमा यसको लक्ष्य प्रायः कल्याण, उत्पादकत्व र मानसिक स्वास्थ्यमा सीमित देखिन्छ तर दुवै दृष्टिकोणबिच गहिरो समानता पनि छ । यस सदर्भमा बुद्ध दर्शनले दुःखको मूल कारण अविद्या र तृष्णा ठान्छ, त्यहाँ आधुनिक मनोविज्ञानले दुःखको कारण स्वचालित नकारात्मक सोच र अनियन्त्रित भावनात्मक प्रतिक्रिया ठान्छ । यसर्थ, आधुनिक विज्ञान मनसजगताको प्रभाव पुष्टि गर्ने साधन हो भने परम्परागत दर्शन यसको अन्तिम उद्देश्य स्पष्ट गर्ने आधार हो ।

आधुनिक विज्ञानले माइन्डफुलनेसलाई मुख्यतः स्नायुविज्ञान र मनोविज्ञानको दृष्टिकोणबाट अध्ययन गरेको छ । जोन कबाट जिनजस्ता विद्वान्ले विकास गरेको सचेतनतामा आधारित तनाव न्यूनीकरण वा मनोयोगमा आधारित तनाव व्यवस्थापन कार्यक्रमपछि यस क्षेत्रमा वैज्ञानिक अनुसन्धान तीव्र भएको देखिन्छ ।

**परम्परागत सजगता र आधुनिक मनोविज्ञान**

बौद्ध दर्शनमा सजगताको दृष्टिकोण र आधुनिक मनोवैज्ञानिक तनाव व्यवस्थापनको समाधान खोज्दा केही गम्भीर समस्या र चुनौतीहरू पनि देखापरेका छन् । आधुनिक मनोविज्ञानले सजगतालाई यसको मूल नैतिक र दार्शनिक आधारबाट अलग गरेर एउटा प्रविधिको रूपमा मात्र प्रयोग गरिरहेको छ । बौद्ध दर्शनमा सजगता अर्थात् सम्यक स्मृतिलाई अष्टाङ्गिक मार्गको एक हिस्साको रूपमा प्रस्तुत गर्दछ । बौद्ध दर्शनको दृष्टिकोणमा यसलाई शील (नैतिकता) र प्रज्ञा (ज्ञान) सँग जोडिएको हुन्छ ।

आधुनिक समाजमा सजगतालाई विज्ञानका रूपमा प्रयोगमा ल्याउन खोज्दा अनेक चुनौती देखापरेका छन् । सजगतालाई बौद्ध दर्शनबाट अलग गर्ने प्रक्रिया विज्ञान र धर्मबिचको संवादबाट उत्पन्न भएको हो । ती चुनौतीलाई सहज रूपले अन्त्य गर्न आधुनिक विज्ञान र बौद्ध दर्शनलाई जोडेर लैजानसके सकारात्मक परिणाम निकाल्न सकिन्छ ।

आधुनिक मनोविज्ञानले तत्काल राहत दिन्छ तर गहिराइ पुग्दैन र बौद्ध दर्शनले पूर्ण समाधान दिन्छ तर यो बुझ्न र अभ्यास गर्न कठिन छ । बौद्ध दर्शनका दृष्टिकोणमा आधुनिक समाजमा कतिपयले विशुद्ध धार्मिक मानेर पन्छाउँदा वैज्ञानिक दृष्टिकोणबाट फाइदा लिन सकिँदैन । आधुनिक मनोवैज्ञानिक दृष्टिकोणमा समस्यालाई सतही रूपले समाधानको विधि अवलम्बन गर्ने प्रयास हुने गर्दछन् ।

सजगता प्रक्रियालाई आधुनिक समाजमा व्यापारीकरण अर्थात् एउटा 'प्रोडक्ट' वा 'लाइफ-ह्याक' को रूपमा व्यापारीकरण गर्ने गरिएको छ । अर्थात्, बजारमा बिक्रीका लागि राखिएको वस्तुजस्तै बनाइएको छ, जसकारण यसको वास्तविक गहिराइ र नैतिक मूल्यहरू क्रमशः हराउँदै गएर क्षणिक शान्तिको साधन मात्र बनेको छ । आधुनिक समाजमा सजगतालाई बजारमा एउटा उत्पादित वस्तुजस्तै बनाएर बजारमा बिक्री गर्ने साधन वा तनाव विषयलाई सामाजिक र आर्थिक कारणलाई सम्बोधन गर्नुको साटो व्यक्तिलाई मात्र सञ्चो बनाउने कर्पोरेट स्वार्थ पूरा गर्ने व्यवसायीकरण माध्यम भइरहेको छ ।

सजगता प्रक्रियालाई धेरैले बौद्ध दर्शनको निष्कृयता वा संसारबाट भाग्ने माध्यमका रूपमा बुझ्छन् तर यसले वर्तमानमा सचेत भएर जिम्मेवारी पूरा गर्न सिकाउँछ । अभ्यासकर्ताले तुरुन्तै 'निर्वाण' वा पूर्ण शान्ति पाउने ठुलो अपेक्षा राख्दा, तनाव कम हुनुको साटो झन् मानसिक दबाब बढ्ने गरेको पाइन्छ ।

दैनिक जीवनमा गरिने 'आनापानसती' (श्वासप्रश्वासको सजगता) अभ्यासले कार्यस्थलमा हुने मानसिक तनाव कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । बौद्ध सजगता अभ्यासले व्यक्तिमा 'करुणा' र 'उपेक्षा' को विकास गराई आधुनिक मानसिक चिन्तालाई सकारात्मक मार्गमा रूपान्तरण गर्छ । यसका परम्परागत विधिहरूलाई आधुनिक 'डिजिटल तनाव' व्यवस्थापनमा अनुकूलन गर्न सकिन्छ । बौद्ध धर्मको 'अनित्य' को बोधले आधुनिक समाजमा हुने 'भविष्यको डर' र तनावलाई कम गर्न मद्दत पुऱ्याउँछ ।

न्यूरो-वैज्ञानिक दृष्टिकोण अनुसार आधुनिक साहित्यले सजगता अभ्यास र मस्तिष्कको संरचनामा आउने परिवर्तन 'न्युरोप्लास्टिसिटी' बिचको सम्बन्धलाई जोड दिन्छ । नियमित सजगता अभ्यासले 'मस्तिष्कको पूर्वनिर्धारित अवस्थाको सञ्जाल' वा 'निष्क्रिय अवस्थाको मानसिक नेटवर्क' को सक्रियता घटाउँछ, जसले गर्दा अनावश्यक सोच्ने र चिन्ता गर्ने प्रवृत्ति कम हुन्छ । बुद्धले सिकाएको 'सम्यक स्मृति' लाई आजका मनोवैज्ञानिकहरूले 'सचेतनामा आधारित तनाव न्यूनीकरण' अर्थात् 'मनोयोगमा आधारित तनाव व्यवस्थापन' र 'सचेतनतामा आधारित संज्ञानात्मक उपचार पद्धति' जस्ता विधि मानसिक स्वास्थ्यका लागि प्रभावकारी मानिएका छन् ।

बौद्ध दर्शन र आधुनिक मनोविज्ञान दुवैको लक्ष्य दुःख कम अर्थात् मनमा स्थिरता कायम राख्नु र कल्याण बढाउनु हो । यद्यपि, बौद्ध दर्शन र आधुनिक मनोविज्ञानबिच केही आधारभूत भिन्नताहरू पनि रहेका छन् । बौद्ध दर्शनमा सजगता 'निर्वाण' वा पूर्ण मुक्ति प्राप्त गर्ने एउटा बृहत् नैतिक मार्गको हिस्सा मानिन्छ तर आधुनिक मनोविज्ञानमा यसको प्रयोग मुख्यतया तनाव कम गर्ने, एकाग्रता बढाउने र भावनात्मक नियन्त्रणका लागि गरिन्छ भन्ने मान्यता राख्दछ ।

सजगताको अभ्यासलाई दैनिक जीवनमा समावेश गरेर मानिसहरूले शान्त, स्वस्थ र सन्तुलित जीवनयापन गर्न सक्छन् । बौद्ध धर्मको यो दृष्टिकोण धार्मिक मात्र नभई वैज्ञानिक र व्यावहारिक रूपमा पनि अत्यन्त उपयोगी बन्दै गएको छ । यसर्थ, आधुनिक विज्ञान सजगताको प्रभाव पुष्टि गर्ने प्रमुख साधन बनेको छ, जबकि परम्परागत दर्शन यसको अन्तिम उद्देश्य स्पष्ट गर्ने आधार हो । सजगता हजारौं वर्षदेखि विकसित भएको चेतनाको अनुशासन हो ।

आधुनिक विज्ञानले यसको उपयोगितालाई प्रमाणित गरेको छ, तर यसको पूर्ण अर्थ तब मात्र प्रकट हुन्छ जब यसलाई नैतिकता, विवेक र आत्मबोधसँग जोडेर बुझिन्छ । सजगता अभ्यासले तनाव कम गर्ने, ध्यान सुधार गर्ने, भावनात्मक नियमन गर्ने र समग्रमा मानसिक स्वास्थ्यलाई बलियो बनाउने क्षमता राख्छ । यसले मानिसको मस्तिष्कलाई लचिलो र अनुकूलनीय बनाउँदै, अझ राम्रो जीवन जिउनका लागि सशक्त बनाउँछ । त्यसैले, केही मिनेट मात्र भए पनि हरेक दिन 'माइन्डफुलनेस' अभ्यास गरेर हामी आफ्नो मस्तिष्कलाई अझ स्वस्थ र आफ्नो जीवनलाई अझ शान्त बनाउन सक्छौं । ***रासस***

# सहकारी अध्यादेश २०८३ मा सर्वसाधारण र सदस्यले बुझ्नैपर्ने मुख्य कुराहरू

✍ बालकृष्ण धौंजु



नेपालको सहकारी क्षेत्रमा पछिल्लो समय देखिएका समस्या, विकृति र सर्वसाधारणको बचत डुब्ने खतरालाई रोक्न सरकारले एउटा ठुलो र नयाँ कदम चालेको छ । सरकारले 'सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३' जारी गरेर पुराना नियमहरूमा व्यापक फेरबदल गरेको छ । यो नयाँ नियम (अध्यादेश) ले तपाईं हाम्रो दुःखजिलो गरेर जम्मा गरेको बचतलाई कसरी जोगाउँछ र सहकारी क्षेत्रलाई कसरी सुधार्छ ? आम जनताले सजिलै बुझ्ने भाषामा यसका मुख्य व्यवस्थाहरू तल व्याख्या गरिएको छ :

**१) तपाईंको बचत सुरक्षित गर्न 'चक्रीय राहत कोष'**

सहकारीमा पैसा जम्मा गरेका आम सर्वसाधारणको सबैभन्दा ठुलो चिन्ता "मेरो पैसा फिर्ता आउँछ कि आउँदैन ?" भन्ने नै हो । यसलाई सम्बोधन गर्न नयाँ नियमले दुईवटा बलियो आधार ल्याएको छ । चक्रीय राहत कोष (Revolving Relief Fund): समस्याग्रस्त घोषित भएका सहकारीका पीडित सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्न सहज होस् भनी व्यवस्थापन समितिमा नेपाल सरकारले एउटा छुट्टै 'चक्रीय राहत कोष' स्थापना गर्न सक्नेछ । यस कोषमा सरकारले पैसा दिनेछ र सहकारीका ऋणीहरूबाट पैसा असुल गर्दै यो कोषमा फिर्ता गरिँदै जानेछ ।

**२) अनिवार्य बचत सुरक्षण**

बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूले प्रचलित कानुनबमोजिम स्थापना भएको 'निक्षेप तथा कर्जा सुरक्षण कोष' को सदस्यता लिएर सदस्यहरूको बचत र कर्जाको अनिवार्य सुरक्षण (बीमाजस्तै व्यवस्था) गराउनुपर्नेछ ।

**३) ठगी गर्ने र पैसा लुकाउने सञ्चालकहरूलाई कडा सास्ती**

पहिले-पहिले सहकारीका सञ्चालक वा कर्मचारीले बदमासी गर्दा उनीहरूको परिवारका सीमित सदस्यमाथि मात्र आँखा पुग्थ्यो । अब त्यस्तो हुनेछैन । नातेदारको सम्पत्ति पनि नियन्त्रणमा लिन सक्ने व्यवस्था गरेको छ । यदि कुनै सञ्चालक, पूर्वसञ्चालक वा कर्मचारीले बचतकर्ताको पैसा हिनामिना गरेर आफ्नो परिवार वा काका, काकी, भतिजा, भतिजी, मामा, माइजू, साला, सालीजस्ता नजिकका 'नातेदार' को नाममा सम्पत्ति लुकाएको पाइएमा, सरकारले त्यो सम्पत्ति समेत कब्जामा लिएर लिलाम गरी जनताको बचत फिर्ता गराउनेछ ।

**४) सम्पत्ति रोक्का र विदेश यात्रामा प्रतिबन्ध**

कुनै सहकारीलाई समस्याग्रस्त घोषणा गर्नुअघि नै त्यसमा संलग्न शङ्कास्पद सञ्चालक, ऋणी र जिम्मेवार कर्मचारीहरूको चल-अचल सम्पत्ति, बैङ्क खाता, सेयर रोक्का गरिनेछ र उनीहरू विदेश भाग्न नपाउने गरी विदेश यात्रामा प्रतिबन्ध लगाइनेछ ।

**५) सहकारी सङ्घहरूको बचत तथा ऋण कारोबारमा रोक**

तपाईं-हामीजस्ता सर्वसाधारण सदस्यहरू प्रारम्भिक सहकारीमा जोडिएका हुन्छौं भने सहकारीहरू मिलेर 'सहकारी सङ्घ' बनेका हुन्छन् । अबका दिनमा सहकारी सङ्घहरूले बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन् । हाल यस्तो कारोबार गरिरहेका सङ्घहरू छन् भने उनीहरूले यो नियम लागु भएको ३ वर्षभित्र यस्तो वित्तीय कारोबार पूर्ण रूपमा बन्द गर्नुपर्नेछ । यसले सङ्घहरूलाई आफ्नो वास्तविक उद्देश्य (प्रवर्द्धन र संस्थागत विकास) मा केन्द्रित गराउनेछ । तर, यस व्यवस्थाले सङ्घहरूलाई कमजोर बनाउनुको साथै प्रारम्भिक संस्थाले पाइरहेको सेवा सुविधाबाट बञ्चित हुनुपर्नेछ ।

**६) 'सहकारी नियमन प्राधिकरण' लाई शक्तिशाली अधिकार**

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरू (जसको वासलातमा कुल सम्पत्ति/दायित्वमा बचत वा ऋणको अनुपात ५० प्रतिशतभन्दा बढी छ वा २५ करोडभन्दा बढीको बचत/ऋण कारोबार छ) लाई नियमन गर्न 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' लाई विशेष अधिकार दिइएको छ । अब यस्ता सहकारीले प्राधिकरणबाट अनिवार्य कार्य सञ्चालन इजाजतपत्र (Operating License) लिनुपर्नेछ र सो इजाजतपत्र प्रत्येक वर्ष नवीकरण गराउनुपर्नेछ । नियम पालना नगर्ने वा सदस्यको हितविपरीत काम गर्ने सहकारीको लाइसेन्स प्राधिकरणले निलम्बन गर्न सक्नेछ । जसले गर्दा निलम्बन अवधिभर उनीहरूले कुनै कारोबार गर्न पाउने छैनन् । प्राधिकरणलाई अदालतलाई भएसरह व्यक्तिलाई उपस्थित गराई बयान गराउने, साक्षी बुझ्ने र कागजात पेस गर्न आदेश दिने अधिकार दिइएको छ ।

**७) सावाँभन्दा बढी ब्याज लिन नपाइने**

धेरैजसो सहकारीमा ऋण लिँदा सानो सावाँ रकमको ब्याज बढेर नसक्ने भारी हुने गरेको थियो । अब अध्यादेशले "सहकारी संस्थाले लिने कुल ब्याज रकम मूल सावाँ रकमभन्दा बढी हुन पाउने छैन" भनी स्पष्ट व्यवस्था गरेर ऋणीहरूलाई ठुलो राहत दिएको छ ।

**८) लाभांश वितरणमा सीमा**

सहकारीहरू नाफामुखी संस्थाजस्तो नबनून् भन्नका लागि सेयर पुँजीमा दिइने लाभांशको सीमा बढीमा १५ प्रतिशत मात्र तोकिएको छ ।

यो नयाँ अध्यादेश इमानदार सहकारीकर्मी र सर्वसाधारण बचतकर्ताका लागि 'वरदान' साबित हुन सक्छ । यसले सहकारी सुरक्षित छ भन्ने विश्वास जगाउन खोजेको छ । अब सर्वसाधारणले पनि पैसा जम्मा गर्नुअघि आफ्नो सहकारीले प्राधिकरणबाट सञ्चालन इजाजतपत्र (लाइसेन्स) लिए/नलिएको, नियम पालना गरे/नगरेको बुझेर मात्र कारोबार गर्नु बुद्धिमानी हुनेछ ।

**विश्वव्यापी...**

शान्तिवादी संविधानको संशोधनका लागि जोड दिएको छ, आफूलाई 'युद्ध-तयार' राष्ट्रका रूपमा प्रस्तुत गरेको छ र अन्तर्राष्ट्रिय तथा घरेलु कानुनको नियमहरू निरन्तर उल्लङ्घन गर्दै आएको छ। के अपरिवर्तित 'विशेष गरी रक्षा-उन्मुख' नीति पालना गर्नुको अर्थ यही हो ? शब्द र कामबिचको यस्तो असङ्गतिले जापानको पुन:सैन्यीकरण बारे अन्तर्राष्ट्रिय समुदायको चिन्तालाई हटाउन सक्दैन।

जापानी सैन्यवादले संसारमा गहिरो विपत्ति निम्त्यायो र जापानी जनतामा विपत्ति ल्यायो। 'नयाँ प्रकारको सैन्यवाद' मा फर्कनु उत्तम विकल्प होइन। हामी जापानलाई ऐतिहासिक पाठबाट सिक्न, आफ्नो शान्ति प्रतिबद्धताहरूलाई कायम राख्न र आफ्ना एसियाली छिमेकीहरू र अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्न ठोस कदम चाल्न आग्रह गर्दछौं।

*-सिन्ह्वा*

# कङ्गोमा इबोला फैलिँदै, स्वास्थ्य केन्द्रमाथि आक्रमण

बुनिया (कङ्गो), १२ जेठ (एपी)। कङ्गोको पूर्वी भागमा 'इबोला' भाइरसको प्रकोप तीव्र बन्दै गएको छ। सङ्क्रमितको सङ्ख्या झण्डै एक हजार नजिक पुगे पनि रोग नियन्त्रणका प्रयासहरू स्थानीय विरोध र आक्रमणका कारण प्रभावित भइरहेका छन्।

स्वयंसेवी स्वास्थ्यकर्मीहरूले जनचेतना फैलाउने क्रममा स्थानीय बासिन्दाबाट ढुङ्गा हान्ने, गालीगलौज गर्नेजस्ता व्यवहार सामना गर्नुपरेको छ। कतिपय मानिसहरू रोगप्रति शङ्का व्यक्त गर्दै स्वास्थ्यकर्मीमाथि अविश्वास देखाइरहेका छन्।

स्वास्थ्य केन्द्र र उपचार शिविरहरूमाथि आक्रमण र आगजनीका घटना पनि भएका छन्। केही स्थानमा संदिग्ध बिरामी राखिएका केन्द्रहरू जलाइएको छ भने कतिपय ठाउँमा अस्पतालबाट बिरामीहरू भाग्न बाध्य भएका छन्।

विशेषज्ञहरूका अनुसार स्थानीय समुदायमा डर, भ्रम र अविश्वास बढेकाले रोग नियन्त्रण झनै कठिन बनेको छ। साथै सुरक्षा चुनौती र मानवीय द्वन्द्वले पनि स्वास्थ्य अभियानलाई असर पारेको छ।

यस प्रकोपमा देखिएको इबोला प्रकार दुर्लभ मानिन्छ र यसका लागि प्रभावकारी खोप वा उपचार सीमित रहेको बताइएको छ।

स्वास्थ्यकर्मीहरू भने जोखिमका बाबजुद पनि सङ्क्रमण रोकथाम र जनचेतना फैलाउने प्रयास जारी राखिरहेका छन्।

# गाजामा भएको इजरायली आक्रमणमा सात जनाको मृत्यु

गाजा सिटी, १२ जेठ (एएफपी)। गाजामा मङ्गलबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन्। पछिल्लो समयमा इजरायली सेना र हमासले एक-अर्कालाई अक्टोबर -१० देखि लागु भएको युद्धविराम उल्लङ्घन गरी आक्रमण जारी राखेको आरोप लगाउँदै आएका छन् भने गाजा दैनिक हिंसाको चपेटामा परेको छ।

नागरिकहरूको समूहलाई लक्षित गरी पूर्वी अल-मगाजीमा भएको इजरायली हवाई आक्रमणले सात जनाको मृत्यु हुनुका साथै धेरै घाइते भएको उल्लेख गर्दै घाइतेहरूलाई उपचारका लागि अस्पतालमा लगिएको हमासको उद्धार सेवाको रूपमा सञ्चालित नागरिक सुरक्षा एजेन्सीले जनाएको छ।

अल-अक्सा शहीद अस्पताल र प्यालेस्टिनी सुरक्षा स्रोतले पनि घटना र हताहतको पुष्टि गरेको छ। इजरायली सेनाले भने रिपोर्टहरू जाँच गरिरहेको बताएको छ।

गाजामा अक्टोबरदेखि युद्धविराम लागु भए तापनि इजरायलले विभिन्न क्षेत्रलाई लक्षित गरी आक्रमण गरिरहेको छ।

अक्टोबर -१० को युद्धविरामपछि मात्र कम्तीमा ९०४ जना प्यालेस्टिनीहरू मारिएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायली सेनाले पनि यस अवधिमा आफ्ना सात जना सैनिकको पनि मृत्यु भएको बताएको छ।

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी-२०८३ मा सहभागी टोलीहरूको देहायबमोजिम प्रदर्शनीको प्रस्तुतिक्रम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति** : २०८३ जेठ १५ गते, शुक्रबार बिहान १०:०० बजेदेखि **प्रदर्शनी हुने स्थान** : नासमना, भनपा-३

| क्र.सं. | समूहको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | पुलाँ स: सिलाचह्रे गुठी भजन खल: | भनपा-३, तेखाचो | ९८०३०२५३८८ |
| २. | श्री महाकाली दाफा भजन | भनपा-६, भोलाछेँ | ९८४१८४९३५० |
| ३. | मको पुलाङ दाफा | भनपा-९, मको | ९८४१०४२६१० |
| ४. | घट्खा दाफा भजन | भनपा-३ | ९८४१९१५३०१ |
| ५ | डम्बरेश्वर भजन मण्डल | भनपा-७, गोमारी, याता | ९८४९१७२०४१ |
| ६. | दत्तात्रय दाफा भजन | भनपा-९, तचपाल | ९८४११३०६१० |
| ७. | सिद्धि गणेश दाफा भजन खल: | भनपा-७, चोर्चा | ९८५१२७६५५९ |
| ८. | लालाछेँ दाफा भजन खल: | भनपा-६, लालाछेँ | ९८४१५१४६२० |
| ९. | विश्वकर्मा दाफा भजन खल: | भनपा-९, तलातुछिं | ९८४१९१६४०० |
| १०. | श्री गलसी गणेश दाफा भजन खल: | भनपा-५, चासुखेल | ९८४१६३७०८३ |
| ११. | गोल्मढी शिवरात्री गुठी | भनपा-७, गोल्मढी | ९८४१०४००८५ |
| १२. | श्री महालक्ष्मी दाफा | भनपा-१०, थालाछेँ | ९८४१०४२६३४ |
| १३. | श्री याछेँ गणेश नौ बाजा दाफा भजन | भनपा-६, याछेँ | ९८४१३६९४१६ |
| १४. | दुमरू दाफा भजन | भनपा-७, चोर्चा | ९८४३२७००२० |
| १५. | इताछेँ दाफा भजन | भनपा-२, इताछेँ | ९८४९८९४९७४ |
| १६. | लाछिचा दाफा भजन | भनपा-३ | ९८४१५४३६१८ |
| १७. | लाकोलाछे त्वाले दाफा भजन | भनपा-४, लाकोलाछेँ | ९८२११११२४५ |
| १८. | त:ननी दाफा भजन | भनपा-४, बोलाछेँ | ९८४१४३२९८९ |
| १९. | आकाश भैरव नौ बाजा ल्याम्ह पुच: | भनपा-५, टौमढी | ९८५१०२१२२० |
| २०. | बाराही पिठ ख्यो दाफा भजन | भनपा-३, बाराही पिठ | ९८४१९१२०३८ |
| २१. | श्री ब्रह्मायणी दबुचा दाफा भजन समाज नेपाल | भनपा-९, तौलाछेँ | ९८५११३०९८० |
| २२. | श्री चण्डेश्वरी दाफा भजन | भनपा-५, चासुखेल | ९८५१०८५५७१ |
| २३. | श्री नवदुर्गा दाफा भजन | भनपा-७, इनाचो | ९८४१४७७०५६ |
| २४. | जैंला दाफा भजन | भनपा-८, जैंला | ९८६५४५६१६९ |
| २५. | श्री यातु गणेश नगांचा दाफा | भनपा-१०, नगांचा | ९८४१६३७६२३ |

**मिति** : २०८३ जेठ १६ गते शनिबार बिहान ८:०० बजेदेखि

| क्र.सं. | समूहको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| २६. | बालाखु गणेश दाफा भजन | भनपा-२, सानो ब्यासी | ९८४१७२५१२१ |
| २७. | श्री कुति प्वाक गणेश दाफा तथा जात्रा व्यवस्थापन समिति | भनपा-१०, क्वाठण्डौ | ९८५११७१०३४ |
| २८. | चगुठी पुलाँ दाफा भजन | भनपा-३, तेखाचो | ९८०८८३२६५ |
| २९. | ब्रह्मायणी पिठ दाफा सूर्यमढी | भनपा-९, तौलाछेँ | ९८६३०३९२८० |
| ३०. | मूलाखु दाफा भजन समूह | भनपा-४, मङ्गलाछेँ | ९७६०७६९२६७ |
| ३१. | तेपुचो दाफा भजन | भनपा-१, तेपुचो | ९८४३१५८३०१ |
| ३२. | चोछेँ दाफा भजन मण्डल | भनपा-६, चोछेँ | ९८४१९९५४४७ |
| ३३. | दत्तात्रय नौ दाफा भजन | भनपा-९, तचपाल | ९८४११३०६१० |
| ३४. | आकाश भैरव नौ बाजा भजन गुठी | भनपा-५, टौमढी | ९८४१२४७७९३ |
| ३५. | खिछेँ दाफा भजन | भनपा-५, खिछेँ | ९८५१०९९१५२ |
| ३६. | लाकोलाछेँ चपाल दाफा भजन | भनपा-४, लाकोलाछेँ | ९८४१७५३६७६ |
| ३७. | सा: क्वलाँ दाफा भजन खल: | भनपा-९, सा: क्वलाँ | ९८४९४२७२०१ |
| ३८. | श्री नवदुर्गा खँचा दाफा भजन | भनपा- ७, खँचा | ९८४९१७७३१८ |
| ३९. | महेश्वरी दाफा भजन | भनपा-७, इनाचो, वाचुटोल | ९८१०१०२२३८ |
| ४०. | गणेश दाफा भजन | भनपा-१, भार्वाचो | ९८४१४३२१७३ |
| ४१. | कुथुछेँ दाफा भजन | भनपा-४, बोलाछेँ | ९८५१०५९६८९ |
| ४२. | वाकुपति नारायण नौ दाफा | भनपा-९, सूर्यमढी | ९८४१२५३५८६ |
| ४३. | इन्द्र सिद्धि गणेश दाफा भजन | भनपा-७ | ९८४११३३७३५ |
| ४४. | नास:दाफा | भनपा-९,तौलाछेँ | ९८५१०४०९७८ |
| ४५. | रंजितकार (छिपा) दाफा भजन खल: | भनपा-७, पलिखेल | ९८४९८५१०५२ |
| ४६. | चिव दाफा भजन खल: | भनपा-९, सूर्यमढी | ९८१३१९४५२० |
| ४७. | ज्याथा गणेश दाफा भजन | भनपा-४, बोलाछेँ | ९८६१२०१६७० |
| ४८. | तलेजु गणेश दाफा भजन | भनपा-३ | ९८४३०४३३६१ |
| ४९. | जय श्री नित्यनाथ दाफा भजन | भनपा-१०, क्वाठण्डौ | ९८४१६९३७२२ |

## हार्दिक समवेदना



जन्म
२००४/०८/०९

निधन
२०८३/०२/१०

हाम्रा हितैषी मित्र कृष्णराम ज्ञामरूका पूजनीय पिता **कृष्ण ज्ञामरू**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

कृष्णसुन्दर त्वायना
दिनेश गोसाई
राकेश सुवाल
रामप्रसाद सायजु
जयप्रसाद शिल्पकार
बिकल ढुकुछु
राजेन्द्र बोहजु
सुरेन्द्र राजचल
संजिव शिवहरि
अमर नायभारी
सुसिल त्वायना
विजय कासुला
रामशंकर श्रेष्ठ
सुनिल कैति

## विचा हायक्



जन्म
२०००/०७/१३

स्वर्गारोहण
२०८३/०२/०७

जिमि निनि, तरिमा, मामा/जिमि दाजु, किजा राजेन्द्रभक्त सुवाल व राजेश सुवालया मां **राजमाया सुवाल** मरूगु थौं न्हेनुमा तिथिखय् वयकया आत्माया चिरशान्तिया कामना याङ दुखंकपु सकल छें ज: पिन्ता विचा हायक् च्वङा।

**कायचापुँ**
रूद्रनारायण लाखा
योगेन्द्र खर्बुजा
बालमुकुन्द सुवाल
वासुदेव सुवाल
बालकृष्ण सुवाल
सुरेन्द्र खर्बुजा
प्रेमकृष्ण खर्बुजा
संदिप खर्बुजा
प्रदिप खर्बुजा

**भेन्चापुँ**
अमरलाल ध्वजु
निरज ध्वजु
निराजन ध्वजु

## हार्दिक समवेदना



जन्म
१९९३/०७/०१

स्वर्गारोहण
२०८३/०२/०२

नेपाल मजदुर किसान पार्टी लाकोलाछेँ प्रारम्भिक समितिका सदस्य कृष्णमाया भेलेका पूजनीय ससुराबाजे **कृष्णभक्त भेले**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेपाल मजदुर किसान पार्टी**
लाकोलाछेँ प्रारम्भिक समिति भ.न.पा.-४

## हार्दिक समवेदना



जन्म
१९९२/०२/०१

स्वर्गारोहण
२०८३/०२/०१

यस बचत समूहका सदस्य आसकाजी कोजुकी ममतामयी माता **मैयाँ कोजु**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री बचत समूह**
ब्यासी-२, भक्तपुर

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
१९९२/०२/०१

स्वर्गारोहण
२०८३/०२/०१

यस न:पुखु ब्याडमिन्टन क्लवका सदस्य आसकाजी कोजुकी ममतामयी माता **मैयाँ कोजु**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**न:पुखु ब्याडमिन्टन क्लव परिवार**
न:पुखु, भक्तपुर

## हार्दिक समवेदना



जन्म
१९९३/०७/०१

स्वर्गारोहण
२०८३/०२/०२

आदर्श बिजनेस ग्रुपका सदस्य नारायणभक्त भेलेका पूजनीय पिता **कृष्णभक्त भेले**को असामयिक निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**आदर्श बिजनेस ग्रुप**
ख:लाँ, भक्तपुर-४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा